
# लेखापरीक्षण प्रतिवेदन

# धनकुटा

## २०७२।७३




## महालेखापरीक्षकको कार्यालय

### काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सबैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | | विषय | पृष्ठ |
|---|---|---|---|
| १. | | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१. | अख्तियार दुरुपयोग अनुसन्धान पूर्वान्चल क्षेत्रीय कार्यालय | ३ |
| | ३.२. | लोकसेवा आयोग पूर्वान्चल क्षेत्रीय निर्देशनालय | ३ |
| | ३.३. | पुनरावेदन सरकारी वकील कार्यालय | ३ |
| | ३.४. | जिल्ला सरकारी वकील कार्यालय | ३ |
| | ३.५. | उत्तर पानी प्राविधिक शिक्षालय | ३ |
| | ३.६. | कृषि अनुसन्धान केन्द्र | ५ |
| | ३.७. | घरेलु तथा साना उद्योग विकास समिति | ५ |
| | ३.८. | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं.३ | ५ |
| | ३.९. | जिल्ला कृषि विकास कार्यालय | ६ |
| | ३.१०. | जिल्ला प्रहरी कार्यालय | ८ |
| | ३.११. | जिल्ला विकास समितिको कार्यालय | ८ |
| | ३.१२. | जिल्ला भू संरक्षण कार्यालय | १५ |
| | ३.१३. | जिल्ला शिक्षा कार्यालय | १५ |
| | ३.१४. | जिल्ला स्वास्थ्य कार्यालय | १६ |
| | ३.१५. | डिभिजन सडक कार्यालय | १८ |
| | ३.१६. | धनकुटा बहुमुखी क्याम्पस | २१ |
| | ३.१७. | पूर्वान्चल क्षेत्रीय तालीम केन्द्र | २३ |
| | ३.१८. | पूर्वान्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय | २५ |
| | ३.१९. | मालपोत कार्यालय | २६ |
| | ३.२०. | सिंचाई विकास डिभिजन | २७ |
| | ३.२१. | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | २९ |
| | ३.२२. | क्षेत्रीय अनुगमन तथा सुरीवेक्षण कार्यालय | ३१ |
| ४. | | आन्तरिक लेखापरीक्षण | ३५ |
| अनुसूची १ : लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | | | ३७ |
| अनुसूची २ : बेरुजूको स्थिति | | | ३९ |
| अनुसूची ३ : जिल्ला विकास समितिको कार्यालयको आय व्यय विवरण | | | ४१ |
| अनुसूची ४ : जिम्मेवार पदाधिकारीको नामावली | | | ४३ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था** : संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| ● सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>● वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>● महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>● संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>● गुणस्तर आश्वस्तता निर्देशिका,<br>● आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>● राजस्व लेखापरीक्षण मार्गदर्शन, | ● सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>● प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>● जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>● जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>● लेखापरीक्षकको आचारसंहिता,<br>● सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ३१ कार्यालयको विस्तृत र २४ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण** : यस जिल्ला स्थित ५५ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.४ अर्ब २२ करोड ३९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू** : आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष २९ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा २८६ र रु.१७ करोड ३२ लाख ८५ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म २२ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका १०५ दफा र रु २ लाख ५० हजार मिलान गरी २९ कार्यालयको दफा १८१ र रु.१७ करोड ३० लाख ३५ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको क्रममा रु. ५ लाख ६९ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु. २२ लाख ५४ हजार, अनियमित रु.९ करोड ४७ लाख ८१ हजार र पेश्की रु.७ करोड ६० लाख रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव** : तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पूर्वाञ्चल क्षेत्रीय कार्यालय

१. **पेश्की :** आर्थिक वर्षको अन्त्य सम्म ३ कर्मचारीको नाममा बांकी रहेको पेश्की रु.२ लाख ५ हजार फछ्र्यौट भएको नदेखिएकोले नियमानुसार असुल फछ्र्यौट हुनु पर्ने देखिन्छ ।

## लोक सेवा आयोग, पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय

१ **फरक शीर्षक :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ बमोजिम अधिकार प्राप्त अधिकारीले रकम खर्च गर्दा सम्बन्धित खर्च शिर्षकमा खर्च गर्न वाँकी रहेको छ भने खर्च गर्नु पर्ने व्यवस्था छ ।जुन कार्यक्रमका लागी विनियोजन भएको रकम हो खर्च गर्दा पनि सोही कार्यक्रमसँग सम्बन्धित भए मात्र खर्च लेख्नु पर्नेमा एक फर्मलाई गाडी मर्मत गरी रु.२ लाख २२ हजार खर्च लेखेकोमा संचालन तथा मर्मत खर्च शीर्षकवाट लेख्नु पर्नेमा विविध खर्च शीर्षकवाट लेखेकोले नियमित गर्नु पर्दछ ।

## पुनरावेदन सरकारी वकील कार्यालय

१ **भत्ता भुक्तानी :** निजामति कर्मचारी ट्रेड युनियनको निर्वाचनको लागि जिल्ला सरकारी वकील कार्यालयवाट खटिएका ३ कर्मचारीले २०७२।७३ मा आफू कार्यरत रहेको कार्यालयबाट ५० प्रतिशतका दरले प्रोत्साहन भत्ता भुक्तानी लिएको र कर्मचारी ट्रेड युनियनको निर्वाचन २०७२।११।१७ देखि २०७३।२।३२ सम्म खटिएको अवधिमा समेत शुरु तलव स्केलको ५० प्रतिशतका दरले निर्वाचन भत्ता भुक्तानी लिएकोले एकै कर्मचारीले एकै समयको दुई किसिमको भत्ता रु.१ लाख १७ हजार भुक्तानी भएकोले सो पाउने आधार देखिंदैन ।

कार्यालयले ट्रेड युनियन निर्वाचनको विशेष छुट्टै काम गरी निजामती कर्मचारीहरुको आधिकारीक ट्रेड युनियन आर्थिक निर्देशिका, २०७२ अनुसार गरेको भत्ता भुक्तानी र कार्यालयको लागि तोकिएको लक्ष पुरा गरी नियमित पाउने कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता लागु गर्ने निर्देशिका, २०७२ अनुसारको भत्ता भुक्तानी फरक फरक भएको जवाफ दिएको छ ।

## जिल्ला सरकारी वकील कार्यालय

१ **भत्ता भुक्तानी :** निजामति कर्मचारी ट्रेड युनियनको निर्वाचनको लागि जिल्ला सरकारी वकील कार्यालयवाट खटिएका २ कर्मचारीले २०७२।७३ मा आफू कार्यरत रहेको कार्यालयबाट ५० प्रतिशतका दरले प्रोत्साहन भत्ता भुक्तानी लिएको र कर्मचारी ट्रेड युनियनको निर्वाचन २०७२।११।१७ देखि २०७३।२।३२ सम्म खटिएको अवधिमा समेत शुरु तलव स्केलको ५० प्रतिशतका दरले निर्वाचन भत्ता भुक्तानी लिएकोले एकै कर्मचारीले एकै समयको दुई किसिमको भत्ता रु.७६ हजार भुक्तानी भएकोले सो पाउने आधार देखिंदैन ।

कार्यालयले ट्रेड युनियन निर्वाचनको विशेष छुट्टै काम गरी निजामती कर्मचारीहरुको आधिकारीक ट्रेड युनियन आर्थिक निर्देशिका २०७२ अनुसार गरेको भत्ता भुक्तानी र कार्यालयको लागि तोकिएको लक्ष पुरा गरी नियमित पाउने कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता लागु गर्ने निर्देशिका २०७२ अनुसारको भत्ता भुक्तानी फरक फरक भएको जवाफ दिएको छ ।

## उत्तरपानी प्राविधिक शिक्षालय

१ **आन्तरिक नियन्त्रणः** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार स्वीकृत कार्यक्रम अनुसार कार्यालयले वर्षभरमा रु. १० लाख भन्दा बढी रकमको बस्तु वा सेवा खरिद गर्नुपर्दा सो सम्बन्धी

सम्पुर्ण विवरण खुलाई वार्षिक खरिद योजना तयार गरी सो अनुसार खरिद कार्य गर्नु पर्नेमा नगरेको, आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार कर्मचारी भ्रमणमा खटिदा अभिलेख खाता राख्ने र भ्रमणबाट फर्के पछि भ्रमण प्रतिवेदन लिएर मात्र रकम भुक्तानी गर्नु पर्नेमा नगरेको, रु.५ हजार माथिको खरिदमा मूल्य अभिबृद्धि कर दर्ता फर्मसंग मात्र खरिद गर्नु पर्नेमा नगरेको, आर्जन कोषलाई व्यवस्थित गर्न छपाईएका रसिदहरु रसिद नियन्त्रण खातामा दर्ता गर्ने, रसिदहरुको दैनिक आम्दानी खाता तयार गर्ने र गोश्वारा भौचर तयार गरिसके पछि आवर्जे तयार गरी शीर्षकगत आम्दानी देखिने गरी हिसाव राख्नु पर्नेमा नराखेको, कार्यालयले प्रत्येक महिना बैंक स्टेटमेन्ट लिइ रिकन्सलिशन गरी हिसाव दुरुस्त राख्नु पर्नेमा नगरेको जस्ता व्यहोरा देखिएकोले सुधार गरी आन्तरिक नियन्त्रण सबल बनाउनु पर्दछ ।

२. **स्वीकृति विना खर्च** : दशै तिहार विदाको समयमा कर्मचारीलाई पारिश्रमिक भुक्तानी गरिएकोमा केन्द्रबाट ४ जनाको मात्र स्वीकृति प्रदान भएकोमा ९ जनालाई काम लगाई रु.१ लाख ८४ हजार भुक्तानी गरेकोले स्वीकृति विनाको खर्च नियमित मान्न सकिएन ।

३ **जगेडा कोष खर्च** : एक प्रशिक्षक सरुवा भएको भनी निजले लिनु पर्ने नियमित तर्फको २ वर्षे जे.टि.ए. कार्यक्रमको विहान बेलुका अतिरिक्त कक्षा लिएको रकम जगेडा कोषबाट खर्च लेख्न मिल्दैन उक्त समयमा प्रायोजित कार्यक्रमको थप पारिश्रमिक लिने गरेकोमा नियमित तर्फको २ वर्षे जे.टि.एको कक्षा विहान वेलुका अतिरिक्त संचालन गरेको भनी जगेडा कोषबाट रु.५४ हजार भुक्तानी भएको अनियमित देखियो ।

४ **पेश्की माथि पेश्की** : कर्मचारीहरुले शिक्षालयको हातामा संचालन हुने तालीमको लागि समेत रकम पेश्की लिई तालीम संचालन गर्दा आवश्यक हुने सामान मूल्य अभिबृद्धि कर दर्ता नभएका फर्मबाट खरिद गरी पेश्की फछ्र्यौट गर्ने गरेको पाइयो । एउटा व्यक्तिले एउटा पेश्की फछ्र्यौट नगरी पुनः अर्को पेश्की समेत लिएको देखिएकोले नियमानुसार पेश्की दिन परेको अवस्थामा बाहेक अन्य अवस्थामा दर्तावाला सम्वन्धित फर्मबाट खरिद गरी कार्यालयबाट खर्च लेखि भुक्तानी दिनु पर्दछ ।

५ **घटी मौज्दात असुल** : एक कर्मचारीको नामवाट २०७१।७२ को अन्त्यमा रु.१ लाख २८ हजार (२७ जुलाई २०१५ मा) वैकबाट झिकेकोमा सोको अभिलेख अघिल्लो आर्थिक वर्ष र चालु आर्थिक वर्षमा समेत नदेखिएको, त्यस्तै चालु आर्थिक वर्षमा जिम्मेवारी सारेको रु.१४ लाख ३० हजार हुनु पर्नेमा रु.१२ लाख ४१ हजार मात्र भई विगत वर्षदेखि नै रु.६२ हजार बैंक मौज्दात घटी देखिएकोले यस सम्वन्धमा कार्यालयबाट आवश्यक छानविन गरी आर्थिक कारोवार गर्ने पदाधिकरीसंग नियमानुसारको
रु.१ लाख ९० हजार हर्जना समेत असुल उपर हुनु पर्दछ ।

६ **कर कट्टी** : सीप विकास परियोजनाबाट प्रायोजित तालीम तह २ ( २८० घन्ट) तालीममा ४ जना प्रशिक्षकले २०७२।१०।३ देखि २०७२।११।२८ सम्म विहान ६ वजेदेखि दिउसो २ वजेसम्म संचालन गरी जम्मा ५६० घन्टाको रकम भुक्तानी लिएको छ । हिउदे विदा २०७२।१०।३ देखि २०७२।११।२५ सम्म भएकोले पुरा रकम र २०७२।१०।२६ देखि २०७२।१०।२८ सम्म विहान १० वजेसम्मको कक्षाको रकम मात्र भुक्तानी पाउनु पर्नेमा दिउसो २ वजे सम्मको रकम भुक्तानी लिएकोले नियमित समयमा प्रति हप्ता १८ पिरियड भन्दा वढी कक्षाको मात्र थप पारिश्रमिक पाउनेमा ८० घण्टाको रु.१४ हजार बढी लिएको देखिंदा कर कट्टी गरी असुल गर्नु पर्ने देखिन्छ ।

७ **कक्षाभार एकिन नगरी भुक्तानी** : कार्यालय समयमा २०७२।१०।०३ देखि २०७२।१२।५ सम्म तह २ को तालीम संचालन गरेको भनी एक कर्मचारीले रु.१ लाख ७ हजार र अर्का एक कर्मचारीले रु.९५ हजार रकम बुझी लिई पेश्की फछ्र्यौट गरेको देखिन्छ । नियमित तर्फको कक्षा समयमा नसकिएको भनी अतिरिक्त कक्षाको पारिश्रमिक समेत लिएको देखिदा कार्यालय समयमा प्रायोजित

कार्यक्रमको संचालन गर्दा कक्षाभार भन्दा बढी भए मात्र भुक्तानी दिनु पर्नेमा पुरै रकम रु.२ लाख २ हजार भुक्तानी गरेकोले यकिन हुनु पर्दछ ।

८ **कर चुक्ता प्रमाण पत्र** : तीन वटा निर्माण व्यवसायीहरुलाई रु.८१ हजार धरौटी फिर्ता गरेकोमा काम सम्पन्न भएको प्रतिवेदन, मूल्य अभिबृद्धि कर समायोजन पत्र र कर चुक्ता प्रमाण पेश हुनु पर्ने पर्दछ ।

९ **दाखिला** : एक परियोजनाबाट प्राप्त भएको रकमबाट सन्चालित कार्यक्रम सकिएकोले उक्त कोषमा रहेको रु.१८ लाख ४५ हजार जगेडा कोषमा स्थानान्तरण गरी क १-६ वेरुजू खातामा दाखिला गर्नु पर्दछ ।

## कृषि अनुसन्धान केन्द्र

१ **चौमासिक र असार महिनाको खर्च** :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(८) ले निर्दिष्ट गरेको व्यवस्था बमोजिम नेपाल सरकार अर्थ मन्त्रालयको आर्थिक नीति अनुसार पूँजीगत खर्च/कार्यसन्चालन खर्चको तेश्रो चौमासिकमा मात्र बढी खर्च गर्न नपाउने व्यवस्था रहेकोमा सो बिपरित २ वटा कार्यक्रम अन्तर्गत तेश्रो चौमासिकमा रु. २ करोड ७४ लाख २९ हजार ४०.३७ प्रतिशत र आषाढमा मात्र ५६ लाख ४५ हजार खर्च गरेको देखियो ।

२ **बोलपत्र र ठेक्का** :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० (३) मा वार्षिक वजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउंदा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने लगायतका कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष दोश्रो चौमासीकमा ८ ठेक्कामा रु ३३ लाख १८ हजारको संभ्हौता गरेको देखिन्छ भने तेश्रो चौमासिकमा ३ ठेक्का रु १४ लाख २४ हजारमा संभ्हौता गरेको देखिन्छ ।

## घरेलु तथा साना उद्योग विकास समिति

१ **कर वीजक** : मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम प्रत्येक दर्ता भएको व्यक्तिले स्थायी लेखा नम्बर उल्लेख गरी सिलसिलेवार नम्बर सहितको कर विजक जारी गर्नु पर्ने व्यवस्था छ । कार्यालय र क्वाटर मर्मत कार्यको लागि एक निर्माण व्यवसायीलाई विजक नं. ००१ मिति २०७२।१।२८ मा मूल्य अभिबृद्धि कर समेत रु.९ लाख ४५ हजार भुक्तानी गरेकोमा कम्प्यूटरवाट प्रिन्ट गरेको विजक पेश भएकोले उक्त विजकबाट लिएको मुल्य अभिबृद्धि कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन भएको रु.१ लाख ९ हजार प्रमाण पेश हुनु पर्ने देखिन्छ ।

## जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं. ३

१ **खर्चको स्थिति** : कार्यालयले चौमासिक योजना अनुसार खर्च गर्नु पर्दछ । कार्यालयले दोस्रो चौमासिकमा रु.८८ लाख ५७ हजार तेश्रो चौमासिक रु.२ करोड ९१ लाख २२ हजार खर्च गरेको तथा असार महिनामा थप रु.८६ लाख ३ हजारको रु.५० लाख ९९ हजार खर्च गरेको देखिन्छ । नियममा भएको व्यवस्था र स्वीकृत कार्यक्रम अनुसार चौमासिक वजेट खर्च गर्नु पर्दछ ।

२ **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची-१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र अन्य सानातिना खर्च २.५ प्रतिशत सम्म थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ । यो वर्ष कार्यालयले रु. १८ लाख ५१ हजार कन्टिन्जेन्सी खर्च लेखेको पाईयो । जुन यस वर्षको कुल सार्वजनिक निर्माण खर्च रु. ३ करोड ७९ लाख ८० हजारको ४.८७ प्रतिशत हुन आउछ । सो

मध्ये रु. १२० हजार सवारी साधन खरिदको लागि भनी जल उत्पन्न प्रकोप व्यवस्थापन विभागमा पठाएको देखियो ।

३ **सेवा करार :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा , चिठ्ठी पत्र ओसार पसार, कम्प्यूटर टाइप, ड्राईङ्ग जस्ता दैनिक कार्य संचालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनु परेमा एक लाख रुपैया सम्म शुल्क लाग्ने सेवा वार्ता गरी खरिद गर्न सकिने र सो भन्दा वढी सेवा लाग्ने भएमा स्थानीय पत्र पत्रिकामा सूचना प्रकशन गरी प्रस्ताव माग गर्न सक्ने व्यवस्था छ । तर यस कार्यालयले अनुभवी कर्मचारी भनी तीन जना सोभै नियुक्ति गरी यो वर्ष २ लाख ६५ हजार तलब भत्ता वापत खर्च भएको विवरण पेश हुन आएको छ । नियमको पालना गर्नु पर्दछ ।

४ **प्राविधिक मूल्याङ्कन तथा उपयोग :** कार्यालयले आकस्मिक प्रकोप नियन्त्रण र दैवीक प्रकोपका लागि निम्न कार्यालय तथा संस्थाहरुलाई निम्नानुसार परिमाणमा तार जाली बुझाएको पाईयो । सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ती निर्माण कार्यको लागत अनुमान, प्राविधिक मूल्याङ्कन र उपयोगको स्थिति नदेखिने गरी ९ वटा योजनाहरुको कुल खर्च रु.२६ लाख ९१ हजार गर्न नमिल्ने र दुरुपयोग समेत हुन सक्ने हुदाँ ती निर्माण सामग्री उपयोगको प्राविधिक मूल्याङ्कन तथा कार्य सम्पन्न पेश हुनु पर्दछ ।

५ **अग्रिम कर :** गाडी भाडा तथा निर्माण सामग्रीको भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ तथा दफा ८९ (१) बमोजिम अग्रिम कर कट्टी गरी भुक्तानी गर्नुपर्नेमा कर कट्टी गरेको नदेखिएकोले कर रकम रु.१५ हजार असुल गर्नु पर्ने देखिन्छ ।

## जिल्ला कृषि विकास कार्यालय

१ **कार्यक्रम भन्दा वढी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को अनुसूची १ र २ वमोजिम स्वीकृत वार्षिक कार्यक्रम अनुसारको चौमासिक भार, सूचक र वजेट अनुसार कार्यक्रम संचालन गरी भुक्तानी दिनु पर्नेमा केही कार्यक्रम तथा कृयाकलापहरुमा स्वीकृत वार्षिक कार्यक्रम भन्दा वढी कार्यक्रमले तोकेको पकेट क्षेत्र भन्दा वाहिर कार्यक्रम संचालन गरी तोकेको रकम भन्दा वढी अनुदान दिएको सम्बन्धमा देहाय बमोजिम देखियो:

१.१ वार्षिक कार्यक्रम नम्वर ५.७ कृषि उपज संकलन केन्द्रका लागी तेश्रो चौमासिकमा प्लाष्टिक केट वितरण ५५० थानको ५० प्रतिशत अनुदान, ढुवानी र लोड अनलोड समेत एक कर्मचारीलाई भुक्तानी दिएको केट खरिद मूल्य रु.१ लाख ८७ हजारको ५० प्रतिशत रु.९४ हजार लोड अनलोड तथा ढुवानी रु. ४५ हजार गरी रु. १ लाख ३९ हजार भुक्तानी दिनु पर्नेमा रु. १ लाख ६२ हजार भुक्तानी दिएकाले वढी भुक्तानी रु. २३ हजार असुल हुनु पर्दछ ।

१.२ कार्यक्रम नं. ४.६ र५.८ को प्लाष्टिक केट वितरण प्रथम चौमासिकमा ४००थान (२००।२००थान) को ५० प्रतिशत अनुदान वापत एक कर्मचारीले रु.१ लाख ४० हजार पेश्की फछ्र्यौट गरेकोमा केट खरिद ४३० थानको मूल्य रु. १ लाख ८७ हजार को ५० प्रतिशतले रु. ९४ हजार र ढुवानी, लोड अनलोड रु. १० हजार समेत रु. १ लाख ४ हजार भुक्तानी हुनु पर्नेमा वढी भुक्तानी ३६ हजार असुल हुनु पर्दछ ।

१.३ कार्यक्रम अनुसार प्रथम चौमासिकमा ४०० थान केट वितरण गर्नु पर्नेमा ४३० थान खरिद गरी अनुदान दिएकोले वढी ३० थानको रु. १३ हजारको ५० प्रतिशतले वढी खर्च रु. ७ हजार असुल गर्नु पर्दछ ।

१.४ बार्षिक कार्यक्रम नं. ५  वजार विकास कार्यक्रममा सामाग्री प्याकिजिङ तथा ढुवानीका लागि वार्षिक ३९ हजार वजेट व्यवस्था भएकोमा प्रथम चौमासिकका लागि रु.६ हजार वजेट व्यवस्था भएकोमा प्रथम चौमासिकमा कमर्यक्रम नं. ५.८ मा रु. ५ हजार (४.६ को समेत १० हजार नं.

५.७ मा रु. ४५ हजार गरी कुल रु ५० हजार सामाग्री लोड अनलोड तथा ढुवानीमा खर्च गरेकोले वढी खर्च रु. ११ हजार असुल गर्नु पर्दछ ।

१.५ वजार विकास आयोजना अन्तर्गत कृषि उपज संकलन केन्द्रका लागि वजारीकरण सामाग्री वितरण कार्यक्रममा डिजिटल व्यालेन्स ५० प्रतिशत अनुपातको खरिद मूल्य रु. ७७ हजार जस्तापाता सहयोग रु.८० हजार र ढुवानी समेत रु.१ लाख ३१ हजार भुक्तानी दिनु पर्नेमा रु.१ लाख ५० हजार दिएकोले वढी भुक्तानी रु.१९ हजार असुल गर्नु पर्दछ ।

१.६ कार्यालयले वार्षिक कार्यक्रम स्वीकृत गरी पकेट क्षेत्र तोकी सकेपछि सोही कार्यक्रम संचालन गर्नु पर्नेमा सो भन्दा फरक कार्यक्रम संचालन गरेको देखियो । नमुना छनौटका आधारमा परीक्षण गर्दा ३ वटा कार्यक्रम पकेट क्षेत्र भन्दा वाहिर अनुदान तथा कार्यक्रम संचालन गरी रु.१ लाख ६० हजार खर्च गरेको नियमित देखिएन ।

१.७ सघन वाली खाद्य सुरक्षा कार्यक्रममा रु. १२ हजार र वीज वृद्धि आत्मानिर्भर आयोजना रु. ५ हजार गरी रु. १७ हजार वार्षिक स्वीकृत वजेट भन्दा वढी अनुदान खर्च लेखेको देखिन आयो ।

२ **अनुगमन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चका विल भर्पाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ । तर सुन्तला क्षेत्र विस्तार आयोजना अर्न्तगत कागतीको ७ हजार र सुन्तलाका १५ हजार विरुवाहरु कृषकहरुले वुझिलगेकोमा अनुगमन गरी स्थिति यकिन हुनु पर्ने देखिन्छ । त्यस्तै अलैंची रोग व्यवस्थापन तथा नर्सरी स्थापना कार्यक्रम अन्तर्गत अलैंची नयाँ क्षेत्र विस्तार गर्ने कार्यका लागि १ लाख ३३ हजार गोटा अलैंचीको विजु विरुवा प्रति वोट रु ४।५० का दरले कुल रु. ५ लाख ९९ हजार कार्यक्रम संचालक एक कर्मचारीवाट अलैंची नयाँ क्षेत्र विस्तार गर्ने स्थानका कृषकहरुले अलैंचीको विरुवा र विउ, औषधिहरु र सिंचाई पाईप आदि सामानहरु वुझी लिएकोमा सो को पकेट क्षेत्र निर्धारणको निर्णय र वितरित विरुवाको अनुगमनको स्थिति यकिन हुन सकेन ।

३ **वढी भुक्तानी** : अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका, २०७० अनुसार तालीम प्रतिष्ठान वाहेक अन्य निकायवाट संचालीत तालीम तथा कार्यक्रम संचालन गर्दा सम्वन्धीत कार्यालयले संचालन गरेको तालीममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिएवापत पारिश्रमिक नपाउने व्यवस्था रहेकोमा २५ अधिकृत स्तर तथा सहायक स्तरका कर्मचारीहरुले कक्षा लिए वापतको पारिश्रमिक समेत भुक्तानी लिएको देखिएकोले निर्देशिका विपरित भुक्तानी भएको रकम रु.१७ हजार असुल हुनुपर्दछ ।

४ **कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८८(१) वमोजिम भाडा भुक्तानी गर्दा १० प्रतिशत कर कट्टा नगरी भुक्तानी गरेकाले रु.३ हजार असुल गरी दाखिला गर्नु पर्दछ ।

५ **कार्यक्रम टुक्रयाएको** : स्वीकृत वार्षिक कार्यक्रम अनुसार साना सिचाई निर्माण तथा मर्मतको लागि २३, प्लाष्टीक पोखरी निर्माणमा १५, सहकारी खेतीमा आधारित साना सिंचाईमा १ र सहकारी खेती स्कीम तर्फ २ वटा कार्यक्रमको लागि को रु ४२ लाख वजेट विनियोजन भएको छ । जिल्ला कृषि विकास समितिको २०७२।११।५ को निर्णयले साना सिंचाई निर्माण तथा मर्मत सम्भारका ३१ वटा कार्यक्रम प्लाष्टीक पोखरी निर्माणमा १५, सहकारी खेतीमा आधारित साना सिंचाईमा १ र सहकारी खेती स्कीम तर्फ २ वटा कार्यक्रम स्वीकृत गरी विनियोजित रकमलाई लागत अनुमानका आधारमा बाँडफाँड गर्ने निर्णय गरे वमोजिम कार्यालयले विभिन्न स्थानका कृषक समूह मार्फत यो वर्ष उपरोक्त कार्यक्रम सम्पन्न गरेको छ । तालुक निकायबाट वार्षिक रुपमा स्वीकृत कार्यक्रमलाई स्थानीय समितिले निर्णय गरी टुका पारी काम गराउनु वार्षिक कार्यक्रमको मर्म विपरीत रहेको देखिन्छ । तोकिएको चौमासिक भित्रै कार्यसम्पन्न गर्ने तथा तोकिएको कार्यक्रमलाई टुक्रा टुक्रा नपार्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ

६ **पेश्की** : किसानलाई परिचयपत्र वितरणको लागि वैठक संचालन गर्न एक कर्मचारीलाई रु.३० हजार पेश्की दिएकोमा कार्यक्रम सम्पन्न गरी रु.१५ हजार मात्र फछ्र्यौट गरेकोले वाँकी रु.१५ हजार असुल गर्नु पर्दछ ।

७ **सेवा करार नियुक्ति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिठ्ठी पत्र ओसार पसार कम्प्यूटर टाईप, ड्राईभिङ्ग जस्ता दैनिक कार्य संचालन गर्न आवश्यक पर्ने सेवा करार लिनु परेमा एक लाख रुपैया सम्म  शुल्क लाग्ने सेवा वार्ता गरी खरिद गर्न सकिने र सो भन्दा वढी सेवा लाग्ने भएमा स्थानीय पत्र पत्रिकामा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न सक्ने व्यवस्था छ । तर यस कार्यालयले सोझै विगतमा कार्यरत कर्मचारी ५ जना नियुक्ति गरी यो वर्ष रु.७ लाख ७३ हजार तलब भत्ता वापत खर्च लेखेको नियमित गर्नुपर्दछ ।

## जिल्ला प्रहरी कार्यालय

१ **जिन्सी निरीक्षण** :आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ५०(३) अनुसार जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले लिलाम विक्रि गर्नु पर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नु पर्ने भए तीन महिना भित्र गरी सक्नु पर्ने व्यवस्था छ । कार्यालयबाट प्रेसित जिन्सी निरीक्षण प्रतिवेदन अनुसार ना.१.भ्ह.३७०० मित्सुविसि पिकअप १, कम्यूटर थान ३ लगायतका सामानहरु निरीक्षण प्रतिवेदन अनुसार कारवाही गर्नु पर्ने एवं मुल्य नखुलेका ११ थान सवारी साधनहरुको मुल्य खुलाई आम्दानी वाँध्नु पर्ने जस्ता कार्यहरु कानूनको पालनामा गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

## जिल्ला विकास समितिको कार्यालय

१ **बैक मौज्दात** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको कार्यालयले आफ्नो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले  आर्थिक वर्षको अन्त्यमा स्रेस्ता अनुसार रु.५ करोड ३१ लाख १० हजार बैंक मौज्दात रहेकोमा लेखापरीक्षणको क्रममा पेश भएको वैंक स्टेटमेण्ट अनुसार २०७३ आषाढ मसान्तसम्म खातामा रु.५ करोड ५० लाख ३६ हजार मौज्दात देखिएकोले रु.१९ लाख २६ हजार  बढी देखिएको छ । साट्न वाँकी चेक रकम रु.१५ लाख ५४ हजार घटाउँदा स्रेस्तामा भन्दा बैंकमा रु.३ लाख ७३ हजार बढी देखिएको छ । अत: स्रेस्तामा भन्दा बैंकमा बढी देखिएको रकम स्रोत खुलाइ आम्दानी बाध्नु पर्ने देखिन्छ ।

२ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले आ-आफ्नो कामको प्रकृति अनुसारको उपयुक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने आर्थिक कार्यविधि नियमावली, २०६४ ले व्यवस्था गरेको छ । वार्षिक खरिद योजना नबनाएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, चल्ती मेसिन र सवारीसाधन मर्मत गर्दा म.ले.प.फा.नं.२ मा अभिलेख नराखेको, सुशासन -व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यालयले निरीक्षण नगरेको, कार्यालयको निरीक्षण पुस्तिकामा उल्लिखित व्यहोराको कारबाही नगरेको, समयमा नै पेश्की फछ्र्यौट हुने नगरेको, कार्यालय/आयोजनाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान नगरेको, पहिचान भएका जोखिम निराकरणको प्रयास नगरेको, म.ले.प.फा.नं. २११ तयार गरी तालुक कार्यालयमा पठाएको छैन । आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गराउने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

३ **आन्तरिक लेखापरीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५७ अनुसार गठित आन्तरिक लेखापरीक्षण शाखाले जिल्ला विकास समिति विषयगत कार्यालयहरुको नियमावलीको दफा ५८(क) वमोजिम मासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नु पर्ने र गाउं

विकास समितिको आन्तरिक लेखापरीक्षण स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९(१) वमोजिम आर्थिक वर्ष समाप्त भएको मितिले ४ महिना भित्र गरि सक्नु पर्ने व्यवस्था छ । सो शाखाले कार्यालयको र विषयगत कार्यालयको कारोबारको मासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी चौमासिक रुपमा मात्र प्रतिवेदन गर्ने गरेको छ । तोकिए अनुसार आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराई आन्तरिक नियन्त्रण प्रणाली भरपर्दो बनाउनु पर्दछ ।

४ **गाउं विकास समितिको लेखापरीक्षण** : स्थानिय स्वयत्त शासन ऐन, २०५५ को दफा ६९(२) वमोजिमगाउं विकास समितिको अन्तिम लेखापरीक्षण गाउँ विकास परिषद्वाट गठित लेखा समितिको सिफारिस वमोजिम जिल्ला विकास समितिले स्वीकृत गरेको लेखापरीक्षकवाट गराउनु पर्ने व्यवस्था वमोजिम जिल्लाका २८ गाउ विकास समितिको २०७१।७२ को अन्तिम लेखापरीक्षण सम्पन्न भई सकेको र २०७२।७३ को अन्तिम लेखापरीक्षणको लागि कार्यालयको सिफरिस अनुसार २५ जना लेखापरीक्षकलाई नियुक्ति गरेकोमा लेखापरीक्षण अवधि २०७३।११।६ सम्म १७ लेखापरीक्षकवाट १९ गाउ विकास समितिको प्रतिवेदन प्राप्त भई सकेको देखियो । सवै गाउ विकास समितिको समयमा नै लेखापरीक्षण प्रतिवेदन लिने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

५ **उपभोक्ता समितिको कार्य** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५(भ) मा बढी जटिल प्राविधिक पक्ष समेत समावेश भएको र मेशिनरीको बढी प्रयोग हुने बाहेकको काममा सामान्यतः उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउन सकिने व्यवस्था छ । स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम तर्फ १७, आर्थिक केन्द्र जोड्ने सडक तर्फ ११, निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम तर्फ २० वटा मेसिनद्वारा बाटो खन्ने कार्य र निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम तर्फको भवन निर्माण कार्य ६ वटाको काम उपभोक्ता समिति मार्फत गराई रु.४ करोड ५२ लाख १२ हजार भुक्तानी गरेको पाइयो । यसबाट निर्माण कार्य र निर्माण सामग्रीको गुणस्तर परीक्षण नहुने तथा निर्माण सम्पन्न पश्चात् त्रुटी सच्याउने अवधि नतोकिने भई निर्मित संरचनाको दिगोपनामा प्रभाव पर्न जाने देखिन्छ । अतः श्रम प्रधान प्रविधिको प्रयोग हुने योजनाहरु मात्र उपभोक्ता समिति मार्फत निर्माण गर्नु पर्दछ ।

६ **सम्परीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८ (ज) मा गाउ विकास समितिको बेरुजू लगत समय समयमा निरीक्षण गरी नियमावली अनुसार फछ्र्यौट भएको बेरुजूको सम्परीक्षण गरी दिने र असुलउपर गर्न बाकी बेरुजू सम्बन्धमा असुल उपर गर्न लगाउने उल्लेख छ । कार्यालयको आन्तरिक लेखापरीक्षण शाखाले गाउँ विकास समितिहरुको २०७१।७२ सम्मको अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुगमन गरी सम्परीक्षण गरेको छैन । खर्चको नियमितता र पारदर्शीता बनाउन समयमै सम्परीक्षण गर्न लगाउनुपर्दछ ।

७ **बजेट बाँडफाँट** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ (ज) मा स्थानीय निकायको परिषद्बाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ । कार्यालयले परिषद्बाट २०७२।७३ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँड नगरी एकमुष्ठ रुपमा १४ वटा कार्यक्रममा रु.९० लाख १० हजार बजेट व्यवस्था गरेको छ । परिषद्बाट योजनागत बजेट तयार नगरी पछि बजेट बाँडफाँड गर्दा मागमा आधारित योजनामा खर्च नभइ स्वविवेकीय आधारमा योजना छनौट हुने हुँदा परिषद्बाट नियममा तोकिए वमोजिम आयोजनागत बजेट बाँडफाँट गर्नु पर्दछ ।

८ **कम लागतका आयोजना** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ११ (२) मा जिल्ला विकास समितिको कार्यालयले आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधार विकास अर्न्तगत विनियोजन भएको पूँजीगत अनुदानबाट रु.५ लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यवस्था छ । कार्यालयले यो वर्ष पूँजीगत शीर्षकबाट रु.५

लाखभन्दा कम लागतका आयोजना छनौट तथा सञ्चालन गरी रु.१६ लाख ८० हजार खर्च गरेको पाइयो । कार्यविधिको पालना नगर्नेलाई जिम्मेवार बनाइनु पर्दछ ।

९ **एकल बोर्डको निर्णय** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ (१) मा जिल्ला परिषद्बाट स्वीकृत कार्यक्रम र बजेटको सीमाभित्र रही अधिकार प्राप्त अधिकारीले निर्धारित कार्यमा रकम खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले परिषद्बाट पारित योजना र बजेटलाई एकल बोर्डको निर्णयको आधारमा खण्डीकरण गरी परिषद्ले पारित नगरेका २१ वटा योजनामा रु.१ करोड ९२ लाख ८१ हजार खर्च गरेको छ । योजनाको प्राथमिकीकरण तथा योजना छनौटका १४ चरणलाई अनुशरण नगर्दा माग भई आएका योजनामा लगानी अपुग हुने अवस्था सिर्जना हुन्छ । अतः एकमुष्ट बजेट राख्ने तथा एकल बोर्डको पटके निर्णयका आधारमा योजना बाँडफाँड गर्ने प्रवृत्तिको अन्त्य गर्नुपर्दछ ।

१० **सार्वजनिक परीक्षण** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २५ (२६) मा उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरु तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी कार्यविधिको दफा ५० अनुसूची २८ वमोजिम को ढांचामा सार्वजनिक परीक्षण पेश नभए सम्म अन्तिम भुक्तानी नदिने व्यवस्था छ । कार्यालयले उपरोक्त अनुसार विवरण खुलेको सार्वजनिक परीक्षण प्रतिवेदन पेश नगरी समितिका सदस्यले कार्य सम्पन्न भएको व्यहोरामा कुल खर्च खुलाएको प्रतिवेदन पेश गरेको देखियो । नियममा भएको व्यवस्था बमोजिम सार्वजनिक परीक्षण गराउनु पर्दछ ।

११ **सम्भाव्यता अध्ययन** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १९९ (७) मा एकीकृत योजना तर्जुमा समितिबाट सिफारिस भइ आएका जिल्ला विकास आयोजनालाई अन्तिम रुप दिनुअघि जिल्ला विकास समितिले नेपाल सरकारबाट प्राप्त नीति, मार्गदर्शन, आवधिक योजनाको लक्ष्य र उपयोग नक्सा, गुरुयोजना, वस्तुगत विवरण, स्रोत नक्सा, कार्यक्षमता, वातावरणीय प्रभाव र इलाका इलाका बीचको सन्तुलन आदि बारेको विश्लेषण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष विभिन्न कार्यक्रमबाट १९ वटा ग्रामीण तथा कृषि सडकको ट्र्याक खोल्ने कार्य गरी रु.१ करोड ८४ लाख ७० हजार खर्च गरेकोमा नियमको व्यवस्था अनुसार सम्भाव्यता अध्ययन लगायतका नियमले व्यवस्था गरेका प्रावधानहरु पूरा नगरी योजना सञ्चालन गरेकोले योजनाको दिगोपन र लगानीको प्रतिफल विचार गरेर योजना सञ्चालन गर्नु पर्दछ ।

१२ **अनुगमन** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुँदा ५४ अनुसार गाउँ विकास समितिको कोषबाट खर्च हुने रकमलाई बढी उपलब्धिमूलक र व्यवस्थित गर्न तथा आर्थिक अनुशासन कायम गराउन वार्षिक कार्यक्रम र बजेट अनुसार गाउँ विकास समितिबाट काम कारबाही भए नभएको, गाउँ विकास समितिमा जाने गरी सिफारिस गरिएको रकमको आम्दानी खर्चको हिसाब राखे नराखेको सम्बन्धमा नियमित अनुगमन गरी आर्थिक नियन्त्रण र अनुशासन कायम गर्ने व्यवस्था भएकोमा जिल्ला विकास समितिबाट यो वर्ष २८ गाउ विकास समितिमा केन्द्रीय अनुदान गएकोमा ११ वटा गाउ विकास समितिको अनुगमन गरेको जनाए तापनि अनुगमन प्रतिवेदनमा उपरोक्त अनुसारको आम्दानी खर्चको हिसाव दुरुस्त र खर्च उपब्धिमूलक भए नभएको सम्बन्धमा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

१३ **कन्टिन्जेन्सी** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १४(१) मा जिल्ला विकास समितिको आफनो स्रोतवाट सञ्चालित वा अन्य निकायको कार्यक्रम/आयोजनालाई कार्यकुशलता, प्रभावकारिता तथा मितव्ययिताको सिद्धान्तअनुसार सञ्चालनमा सहयोग पुऱ्याउन पूँजीगत लगानीको समष्टिगत रकमवाट ४ प्रतिशत र गाउ विकास

समिति अनुदानबाट ०.७५ प्रतिशत र निर्वाचन क्षेत्र विकास कार्यक्रम संचालन कार्यविधि अनुसार १.५ प्रतिशतले हुने रकम छुट्याई सो खर्च सम्बन्धी कार्ययोजना परिषद्बाट स्वीकृत गराइ स्वीकृत शीर्षकको अधिनमा रही खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले कार्यविधिको व्यवस्था अनुरुप गाउ विकास समितिले कन्टिन्जेन्सी बाहेक अन्य पूँजीगत खर्चको आयोजनागत कन्टेन्जेन्सी खर्च सम्बन्धी कार्ययोजना परिषद्बाट स्वीकृत गराई खर्च गरेको देखिएन ।

१४. **आन्तरिक आय** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, २१६, २१७ र २१८ मा जिल्ला विकास समितिले कर, दस्तुर, सेवा शुल्क र बिक्रीबाट आय आर्जन गर्न सक्ने व्यवस्था छ । ऐनमा भएको उक्त व्यवस्थाअनुसार कार्यालयले यो वर्ष कर, दस्तुर, सेवा शुल्क, बिक्रीबाट रु.१ करोड २४ लाख ८७ हजार आम्दानी गरेको छ । तापनि कार्यालयले विभिन्न आय ठेक्काका व्यवसायीहरुबाट गत विगत वर्ष देखि रु.१५ लाख २० हजार. सेवा शुल्क, कर दस्तुर र बिक्री बापतको रकम असुल गर्नु पर्नेमा हालसम्म असुल नगरेकेले असुल गर्नेतर्फ तदारुकता देखाउनु पर्दछ ।

१५ **परिमाण नियन्त्रण** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१८ मा जिल्ला विकास समितिले आपनो क्षेत्र भित्रका नदी, नालाको बालुवा, गिटी, ढुंगा, स्लेट, माटो, दहत्तर, बहत्तर आदि तोकिए बमोजिम बिक्री गर्न सक्ने व्यवस्था छ । यस वर्ष कार्यालयले परिमाण नियन्त्रण नगरी ढुंगा, बालुवा, गिट्टी, ग्राभेल आदिको ठेक्काबाट रु.१८ लाख ७७ हजार असुल गरेको छ । परिमाण नियन्त्रण नगरिदा प्राकृतिक स्रोत सम्पदाको अत्यधिक दोहन भई वातावरणमा नकारात्मक असर पर्नुका साथै जिल्ला विकास समितिलाई प्राप्त हुनुपर्ने आम्दानीमा समेत असर परेको छ । कार्यालयले ऐन अनुसार निकासी परिमाण नियन्त्रण गरेर मात्र आफ्नो क्षेत्र अन्तर्गतका प्राकृतिक स्रोत बिक्रीको व्यवस्था मिलाउनु पर्दछ ।

१६ **मूल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ (३) मा स्थानीय निकायले कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष जिल्ला निकासी कर ठेक्काको एक सप्लायर्सबाट असुल गरेको आम्दानी रु.८७ लाख ९० हजार को मूल्य अभिवृद्धि कर असुल गरेको छैन । उक्त मूल्य अभिवृद्धि कर रु. ११ लाख ४३ हजार असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने देखिन्छ ।

१७ **अनुदान खर्च** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार गाउँ विकास समितिलाई दिएको सशर्त अनुदान रकम समितिले शर्त अनुसार खर्च गरेको हुनुपर्दछ । कार्यालयले यो वर्ष विभिन्न कार्यक्रम सञ्चालनको लागि कार्यविधिको उक्त दफा अनुसार सशर्त अनुदान स्वरुप विभिन्न गाउँ विकास समितिको खातामा रु. ५ लाख भन्दा घटीका २९६ वटा योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयनका लागि रकम पठाइ निर्माण तर्फको कार्य सम्पन्न प्रतिवेदन र कार्यक्रम तर्फको वील भरपाई प्राप्त गरेकोमा ८० वटा योजना तथा कार्यक्रम अनुगमन गरेको विवरण पेश भएको छ । पेश भएका कार्य सम्पन्न प्रतिवेदनको छड्के परीक्षण गर्दा गाउ विकास समितिबाट पेश भएको खर्चको गोश्वारा भौचर नं. उल्लेख नभएको, प्राविधिक मूल्यांकनमा योजना सुरु तथा सम्पन्न मिति उल्लेख नभएको, कार्यान्वयन भएको योजना, जिल्ला विकास समितिबाट छनौट भएको वा गाउ विकास समितिबाट छनौट भएको हो सोको स्रोत खुलेको देखिंदैन । तसर्थ उक्त खर्च र उपलब्धिको सम्वन्धमा आस्वस्त हुने अवस्था रहेन । यसमा सुधार गर्नुपर्दछ ।

१८ **अन्य प्रयोजनको खर्च** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७ (१) मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको काम बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट यस्तो रकम असुल उपर गरी विभागीय कारबाही समेत गर्न सकिने व्यवस्था छ । कार्यालयले यस वर्षछुटै अस्तित्व भएको जिल्ला स्थित नेपाल पत्रकार

महासंघ जिल्ला समिति, धनकुटाको कार्यालय व्यवस्थापनमा फर्निचर खरिदको जिन्सी दाखिला समेत नगरी रु.१ लाख ५९ हजार भुक्तानी गरेको नियमित देखिएन ।

१९ **स्थायी लेखा नम्बर :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७१ मा स्थानीय निकायले रु.५ हजारभन्दा बढीको खरिद कार्य गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अद्विवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने र नियम ६६ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। कार्यालयले रु.५ हजार भन्दा बढीको नियमावली वमोजिम लागत अनुमान तयार नगरी परामर्श सेवा लिइ सेवा शुल्क रु.३ लाख भुक्तानी गरेको देखियो । दर्ता नभएको व्यक्तीबाट लागत अनुमान वेगर सोझै परामर्श सेवा लिइ भूक्तानी गरेको रकम नियम संगत देखिएन ।

२० **करारमा नियुक्ति** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३ मा रिक्त रहेको पद, नयाँ नियुक्ति, बढुवाबाट पूर्ति गरिने र कुनै पद सिर्जना वा रिक्त रहेको १ वर्षसम्म पदपूर्ति नभएमा स्वतः खारेज हुने व्यवस्था छ । कार्यालयले विगत वर्षदेखि कार्यरत कार्यालय सहयोगी पदमा ४ जना करारमा नियुक्ति गरी तलब भत्तामा रु.६ लाख २२ हजार खर्च गरेको छ । यसरी खर्च लेख्न मिल्ने देखिएन ।

२१ **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ (३) अनुसार निर्दिष्ट कामको लागि लिएको पेश्की तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पर्दछ । कार्यालयले विभिन्न कामको लागि दिएको पेश्की आर्थिक वर्षको अन्तसम्म रु. २१ लाख २९ हजार फछ्र्यौट गरेको नदेखिंदा नियमानुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

२२ **आषाढ महिनाको खर्च** : कार्यालयले पूँजीगत तथा कार्यक्रमगत बजेट शीर्षकबाट बार्षिक रु.१८ करोड २० लाख खर्च गरेको मध्ये तेस्रो चौमासिकमा रु.१० करोड ८६ लाख ४४ हजार (५९.६९ प्रतिशत) खर्च गरेकोमा आषाढ महिनाको मात्र रु.२ करोड ४५ लाख २० हजार खर्च गरेको छ । तेस्रो चौमासिक रकमको ठूलो अंश आर्थिक वर्षको अन्त्यमा खर्च भएको खर्चको सही सदुपयोग नहुने र योजनाको गुणस्तरमा प्रभाव पर्नुका साथै आर्थिक अनियमितता समेत बढने अवस्था सिर्जना हुने हुँदा यसमा नियन्त्रण हुनु पर्दछ ।

२३ **अतिरिक्त भत्ता :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २५७ (१) अनुसार आफ्नो आम्दानी तथा खर्चको सीमा भित्र रही निर्धारण गर्नुपर्ने व्यवस्था छ । यो वर्ष प्रशासनिक खर्चको सिमा भन्दा रु.१६ लाख २३ हजार बढी प्रशासनिक खर्च भएको अवस्थामा कार्यालयले विगत वर्षदेखि परिषद्ले गरेको निर्णय अनुसार जिल्ला विकास समितिका कर्मचारीहरुलाई मासिक रुपमा आन्तरिक भत्ता र जिल्ला प्राविधिक कार्यालयका कर्मचारीलाई मासिक रुपमा फिल्ड भत्ता तथा २०५७ साल चैत्र १६ गतेको निर्णयले सामुदायिक विकास रेडियो कार्यक्रम सचिवालय हेर्ने कर्मचारी-१ लाई वार्षिक रु.६ हजार भुक्तानी गर्ने गरेको देखियो । आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ विपरीत सो नियमावली लागू हुनु पूर्वनै निर्णय भएको आधारमा सामुदायिक विकास रेडियो कार्यक्रम भत्ता र आन्तरिक भत्ता खर्चगर्न मिल्ने देखिंदैन ।

२४ **आन्तरिक लेखापरीक्षण बेरुजू :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (१) मा जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण, आन्तरिक लेखापरीक्षण शाखाले गर्ने छ भन्ने उल्लेख छ। स्थानीय निकाय आथिंक प्रशासन नियमावली, २०६४ को नियम २०२ मा आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजू वा त्रुटी अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै फछ्र्यौट गरी लेखा अद्यावधिक गराई राख्नु अधिकार प्राप्त अधिकारी र आर्थिक प्रशासन शाखा प्रमुखको दायित्व हुनेछ भन्ने व्यवस्था भएकोमा यस वर्ष आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजू रु.८ लाख ५८ हजार अन्तिम लेखापरीक्षण अवधिसम्म पनि फछ्र्यौट गरेको नेदखिएकोले एकिन गरी कायम गरिएको छ ।

२५ **वढी भुक्तानी** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १३१ वमोजिम खरिद सम्झौता अनुसार रनिङ वील वा अन्य कुनै वील विजकको भुक्तानी गर्दा नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्नेमा ३ वटा निर्माण व्यवसायीलाई वास्तविक मूल्याङ्कन भन्दा वढी भुक्तानी गरेको रु.१ लाख ५९ हजार असूल हुनु पर्ने देखिन्छ ।

२६ **सामाजिक सुरक्षा कार्यक्रम** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ अनुसार प्रत्येक चौमासिकमा भुक्तानी गरेको रकमको भर्पाई भुक्तानी गरेको ७ दिनभित्र पेश्की फछ्र्यौटकोलागि पेश्की असार मसान्त सम्म फछ्र्यौट गरेको भए तापनि तोकेको समयमा फाँटवारी पेश गरी पेश्की फछ्र्यौट गर्ने गरेको देखिएन । कार्यविधिले तोकेको समय भन्दा ढिला भरपाई पेश गर्दा आर्थिक अनुशासन कायम नहुने हुँदा समयमा फाँटवारी लिई पेश्की फछ्र्यौट गर्नु पर्दछ ।

२७ **खर्चको मापदण्ड** : अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७० मा तोकिएको मापदण्डका आधारमा तालिम, गोष्ठी सञ्चालन गर्नुपर्ने, सो मापदण्ड बाहेकका विषय र दरभन्दा बढीमा खर्च गरी तालिम सञ्चालन गर्नु परेमा अर्थ मन्त्रालयको पूर्वस्वीकृति लिएर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटका आधारमा परीक्षण गर्दा यो वर्ष निर्देशिकामा तोकिएको दरभन्दा बढी दरमा तालिम, गोष्ठी सञ्चालनमा रु.२५ हजार खर्च गरेको देखियो । अर्थ मन्त्रालयको स्वीकृति लिएर मात्र तोकिएको दर भन्दा बढी खर्च गर्नु पर्नेमा स्वीकृत नलिई बढी खर्च गरेको रकमलाई नियम सम्मत मान्न सकिएन ।

२८ **गुरु योजना** : कृषि तथा स्थानीयस्तरका सडक, स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६३ को निर्देशिका ५ (२) मा जिल्ला गुरु योजनामा प्राथमिकतामा परेका स्थानीय जनताको आधारभूत सेवा तथा अवसरमा पहुँच अभिवृद्धि गर्ने सडकको छनौट गरी निर्मण गर्नुपर्ने तथा मन्त्रालयको निर्देशन, २०६९।७० को बुँदा नं. १ मा जिल्ला यातायात गुरुयोजनाभित्र पहिचान भएका सडक योजनालाई मात्र बजेट विनियोजन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष जिल्ला यातायात गुरुयोजनामा समावेश नभएका स्थानीय भौतिक पूर्वाधार अन्तर्गत १९ वटा सडक योजनामा ट्र्याक खोल्ने काममा रु.१ करोड ८४ लाख ७० हजार खर्च गरेको छ । निर्देशिका र निर्देशन विपरीत खर्च गर्ने परिपाटीमा नियन्त्रण गरर्नुपर्दछ ।

२९ **गाउँ विकास समिति अनुदान** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४७ मा गाउँ विकास समितिमा अनुदान गएको रकममध्ये भुक्तानी गर्नुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नुपर्ने र बचत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आन्तरिक लेखापरीक्षण शाखाबाट प्राप्त विवरण अनुसार २८ वटा गा.वि.स.को आ.व.को अन्त्यमा नगद र बैक खातामा गरी रु.४० लाख २२ हजार मौज्दात देखिन्छ । मौज्दात रकम मध्ये आन्तरिक आय र केन्द्रीय निकासा मध्ये कुन वाँकी हो खुलाएको छैन । उक्त रकममध्ये गाउँ विकास समितिमा गएको अनुदानबाट खर्च भै बाँकी रकम यकिन गरी सञ्चित कोष दाखिला गर्नु पर्दछ ।

३० **निर्माण सामग्री** : कार्यालयले आवश्यक पर्ने सामग्रीको स्वीकृत योजना अनुसार मौज्दात नरहने ढगले मालसामान खरिद गर्ने पद्धति अवलम्बन गर्नुपर्दछ । कार्यालयले स्वीकृत योजना वेगर माग गरेको आधारमा सोझै वितरण गर्ने गरी रु.११ लाख ५ हजार मूल्यको सामान मौज्दात रहने गरी खरिद गरेको देखियो । स्वीकृत योजना वेगर वितरण गरेको लागत अनुमान तथा प्राविधिक मूल्यांकन पेश नहुने हुँदा त्यस्ता वितरणमूखी निर्माण सामग्री जि.वि.स.बाट संचालित अन्य योजनामा समेत दोहोरो परेको हुन सक्ने तथा दुरुपयोग समेत हुन सक्ने हुँदा यस्तो खरिद तथा वितरण कार्यमा नियन्त्रण हुनु पर्दछ ।

३१ **गैह्र सरकारी संस्था** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७० मा गैर सरकारी संस्थाबाट काम गराउदा मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तिमा

१५ दिनको अवधि दिई सूचना प्रवाह गरी नियम २३३ (६) अनुसार योग्य परामर्शदातामध्ये न्यून रकम कबोल गर्ने परामर्शदातालाई स्थानीय निकायले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । झोलुगेपुल निर्माणको परामर्श कार्यका लागि सम्बन्धित पक्षलाई सूचना समेत प्रवाह नगरी कार्यालयले खरिद प्रक्रिया र प्रतिस्पर्धा बेगर झोलुगेपुल निर्माणको परामर्श कार्यमा विगत वर्षदेखि सि.डि.एफ र पर्डेप २ वटा गैर सरकारी संस्थालाई छनौट गर्दै आएको देखियो । गैर सरकारी संस्थाको प्राविधिक क्षमता समेत परीक्षण नगरी विगतको सम्झौताका आधार जनाई म्याद थप गरी यो बर्ष ती जिल्लाले कुल लागत रकमको ६ प्रतिशतका दरले रु.१ लाख २० हजार खर्च लेखेको छ । नियम विपरीत सोझै गैर सरकारी संस्था छनौट गरी खर्च गर्न मिल्ने देखिदैन ।

३२ **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले विभिन्न सार्वजनिक निर्माण, परामर्श सेवा तथा सामान प्रतिस्पर्धा बेगर सोझै रु.२४ लाख ३ हजार खरिद गरेकोलाई नियमसम्मत मान्न सकिएन ।

३३ **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली अनुसार कार्यालयले प्रथम चौमासिकमा कुनै पनि ठेक्का सम्झौता नगरेको दोश्रो चौमासिकमा ३२ ठेक्कामा रु. २ करोड ५४ लाख १९ हजार र तेश्रो चौमासिकमा ५१ ठेक्कामा रु.६५ लाख ९३ हजार समेत कूल ठेक्का ८३ को रु.३ करोड ११ लाख १२ हजार भएकोले निर्धारित अवधिभित्र ठेक्का व्यवस्थापन गरेको देखिएन । तोकिएको अवधि भित्र ठेक्का व्यवस्थापन नहुँदा कार्य प्रगतिमा असर भई तोकिएको समयमा योजना सम्पन्न गर्न कठिन हुने भएकोले नियमको परिपालनामा ध्यान दिनुपर्दछ ।

३४ **खर्चको उपादेयता** : स्थानीय नागरिकको आय आर्जनमा अभिवृद्धि गरी गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने उद्देश्यले स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमबाट प्राप्त रकम सामूदायिक पूर्वाधार सहयोग आयोजना अन्तर्गत कार्यालयले बाखा र बंगुरको खोर निर्माण लगायतका क्षेत्रमा स्थानीय नागरिक सचेतना केन्द्र मार्फत कार्यक्रम सञ्चालन गर्न यो वर्ष ८ वटा गाउँ विकास समितिमा रु.२३ लाख ५० हजार निकासा गरी खर्च लेखेको छ । भौतिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र जिल्ला विकास समितिको कार्यालयमा प्राप्त हुनुपर्ने प्रावधान भएकोमा सो पुष्टी हुने प्रमाण पेश भएन । पुष्टि हुने प्रमाण पेश नभएकोले खर्च लेखिएको कार्यविधि अनुसार सञ्चालित सबै कार्यक्रमको योजनागत खर्च एवं भौतिक प्रगति प्रतिवेदन लिई अनुगमन तथा मूल्याङ्कन हुनु पर्दछ ।

३५. **निर्वाचन क्षेत्र विकास कार्यक्रम :** निर्वाचन क्षेत्र विकास कार्यक्रम सन्चालन कार्यविधि नियमावली, २०५८ अनुसार निर्माण तथा मर्मत सम्बन्धी कार्यक्रम सम्बन्धित बिषयको प्राविधिकले तयार गरेको लागत इष्टिमेट बोजिम र अन्य कार्यक्रमको हकमा सम्बन्धित संस्थाले तयार गरेको प्रस्ताव जिल्ला विकास समितिमा पेश गर्नुपर्ने व्यवस्था छ । निर्माण सम्बन्धी सामाग्रीको लागत अनुमान वेगर खरिद गरी रु.२८ लाख ८८ हजार वितरण गरेको देखियो । खरिद गरेका सामान सम्बन्धित लक्षित समूहले प्राप्त गरी आय आर्जन कार्यमा सहयोग पुगे नपुगेको अवस्था सम्बन्धमा यकिन र नियम सम्मत देखिएन ।

३६ **जन सहभागिता :** निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०५८ बमोजिम सांसद सदस्यले छनौट गरेका कार्यक्रममा कम्तिमा २० प्रतिशत जनसहभागिता हुनुपर्ने व्यवस्था छ । कार्यालयले जिल्लाबाट निर्वाचित तथा मनोनित सदस्यबाट छनौट भएका १२ वटा कार्यक्रम कार्यान्वयन गराउदा २० प्रतिशतले हुने रु.७ लाख ५१ हजार, जनसहभागिताबाट कार्य गराउनु पर्नेमा रु.६ लाख ४ हजार को मात्र जनसहभागिताबाट कार्य गराउने गरी उपभोक्ता समितिसँग सम्झौता गरेको कारणले रु.१ लाख ४७ हजार बढी खर्च भएको छ । कार्यविधि विपरीत खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्ने देखियो ।

३७ **सार्वजनिक परीक्षण** : निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७१ को नियम ११ मा सञ्चालित कार्यक्रमहरू कार्य सम्पन्न भएपछि सार्वजनिक परीक्षण गर्नुपर्ने र सार्वजनिक परीक्षण गरेको प्रतिवेदन संलग्न नभएसम्म अन्तिम भुक्तानी नदिइने उल्लेख छ । २ वटा निर्वाचन क्षेत्रका २ जना संविधान सभा सदस्यले छानेका १५/१५ वटा पूर्वाधार सम्बन्धी विशेष योजनाको लागत अनुमान रु.१ करोड ६४ लाख १८ हजार भई सम्झौता रकम रु.१ करोड ३४ लाख ४० हजार भएको र रु.१ करोड २७ लाख ६८ हजार भुक्तानी भएकोमा सार्वजनिक परीक्षण गरी तथा नियम १४ अनुसार अनुगमन तथा मूल्यांकन गरेको देखिएन ।

३८ **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ (३) अनुसार कार्यालयले बिभिन्न कामको लागि दिएको पेश्की आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट गरेको नदेखिंदा नियमानुसार आवश्यक कारबाही गरी रु. ५२ लाख ६५ हजार फछ्र्यौट गर्नु पर्दछ ।

३९ **रकम ट्रान्सफर** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको दफा ४३(२) मा बिशेष कोष खातामा जिल्ला विकास कोषबाट गएको रकम बाहेक अन्य रकम फ्रिज गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मौज्दात रहेको रकम आन्तरिक आय र केन्द्रीय शीर्षकको यकिन नगरी गत वर्षको जिम्मेवारी कटाई यस वर्षको आन्तिम मौज्दात रु.१५ लाख ७२ हजारले बढेको देखिएकोले उक्त रकम फ्रिज गर्नुपर्ने हुँदा राजस्व दाखिला गर्नु पर्दछ ।

४० **कार्यक्रम सञ्चालन** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा योजना छनौट र कार्यक्रम संचालन गर्दा प्रचलित कानून र कार्यविधिले तोकेका प्रावधानहरु पालना गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कार्यविधि अनुसारका कार्यक्रम छनौट नगरी जिन्सी सामान खरिद गर्ने कार्यक्रम स्वीकृत गरी लक्षीत समूह तथा उपभोक्ता समितिले खरिद गरेको रु.१७ लाख ८७ हजारको वील भुक्तानी गरेको देखियो । अनुगमन र मूल्याङ्कन बेगर वितरण गरेको निर्माण सामग्रीको मूल्याङ्कन तथा अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ ।

## जिल्ला भू-संरक्षण कार्यालय

१ **चौमासिक खर्चको स्थिति** : कार्यालयले चौमासिक योजना अनुसार खर्च गर्नु पर्दछ । तेस्रो चौमासिमा रु.३२ लाख ७१ हजार (४३.६१ प्रतिशत) खर्च गरेको र आषाढ महिनामा मात्र २९ प्रतिशत खर्च भएको छ । यसरी आर्थिक बर्षको अन्तमा मात्र खर्च गर्दा कामको गुणस्तर कम हुने भएकोले सुधार हुनु पर्दछ ।

२ **वार्षिक कार्यक्रम र विनियोजित वजेट** : विरुवा उत्पादन, वांस निगालो वितरण, गल्छी पहिरो उपचार लगायतका कृयाकलापहरु संचालन गर्न पूंजीगत कार्यक्रम तर्फ रु. ७१ लाख ६२ हजारको कार्यक्रम स्वीकृत भएकोमा भू तथा जलाधार संरक्षण विभागवाट रु. ९६ लाख ४० हजारको वजेट खर्च गर्ने अख्तियारी दिएकोले कार्यक्रम र वजेट वीच तालमेल देखिएन ।

## जिल्ला शिक्षा कार्यालय

१ **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ अनुसार कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदनमा लिलामी तथा मर्मत गर्नु पर्ने भनी औल्याएका जिन्सी बिक्री व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२ **न्यून प्राप्ताङ्क प्रतिशत** : कार्यालयबाट अनुदान प्राप्त गर्ने विद्यालयहरुमा भर्ना भएका बालबालिकाको कम्तीमा पनि ९० प्रतिशत नियमित उपस्थिति हुनुपर्ने एवं विद्यालयको अन्तिम परीक्षाको नतिजा ८० प्रतिशतमा नघट्ने लगायतका शर्तहरु पुरा गर्नुपर्ने व्यवस्था छ । २०७२ को एस.एल.सी. परीक्षाको विवरण अनुसार जिल्लाबाट नियमित तथा एकज्याम्टेड तर्फ कुल ४९१४ जना परीक्षार्थी

सहभागी भई ग्रेड प्वाइन्ट ९० माथी २० जना, ८० देखि ९० सम्म ७८ जना, ७० देखि ८० सम्म ९० जना, ८० देखि ९० सम्म १३३ जना समेत कुल ४७४८ जना विद्यार्थील माध्यमिक शिक्षा पुरा गरेको देखिन्छ । सो मध्ये ३०-४० मुनी ११४१ जना र २०-३० ग्रेड प्वाइन्छ ल्याउने २०० जना रहेको छ । राज्यको ठूलो लगानीका बाबजुत पनि एस.एल.सी. प्राप्ताङ्क प्रतिशत न्यून देखिएबाट कार्यालयले लक्ष्य अनुसार कार्य गरेको छ भन्ने कुरामा विश्वस्त हुने आधार देखिएन । त्यसैले अनुदान प्राप्त विद्यालयहरुले अधिकतम् प्राप्ताङ्क प्राप्त गर्ने दिशा तर्फ कार्यालयको ध्यान दिनुपर्दछ ।

३ **छात्रवृत्ति वितरणको अनुगमन** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।७३ मा प्रोत्साहन तथा सहयोग अन्तर्गतका कुनै पनि छात्रवृत्ति दोहोरो नपर्ने गरी वितरण गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस आर्थिक वर्षमा निकासा दिएको छात्रवृत्ति दोहोरो परे नपरेको तथा तोकिएको प्रक्रिया अनुसार वितरण भए नभएको सम्बन्धमा कार्यालयले अनुगमन गरी सोको प्रतिवेदन गरेको पाईएन । दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन मूल्यांकन हुनु पर्दछ । आधारभुत शिक्षा छात्रा छात्रवृती पि.सि.एफ. नन् सेलरी र पाठ्यपुस्तको रकम निकासा दिंदा विद्यालयहरुलाई फ्ल्यास रिपोर्ट २०७२ मा उल्लेख भएको संख्या भन्दा बढी संख्यामा रु.६८ हजार निकासा दिएको छ । यसरी फ्ल्यास रिपोर्ट २०७२ मा देखाएको संख्या भन्दा बढी संख्याको रकम निकासा हुनुको कारण स्पष्ट हुन आएन ।

फ्ल्यास रिपोर्टमा उल्लेख भएका कुल संख्याको आधारमा मात्र कार्यालयले विभिन्न छात्रवृतिको पाठ्य पुस्तकको रकम निकाशा दिनु पर्नेमा फ्ल्यासको संख्या भन्दा विद्यार्थी संख्यालाई आधार मानी छात्रवृति तथा पाठ्य पुस्तकको रकम निकाशा भएको देखियो । लेखापरीक्षणको क्रममा केही विवरणहरु भिडान गर्दा रु.४१ हजारको बढी निकाशा भएको कारण जनाएको नदेखिएकोले बढी निकाशा रकमको स्पष्ट हुनु पर्ने देखिन्छ ।

४ **अधुरो निर्माण कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) अनुसार कुनै निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्विकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयबाट गत विगत आर्थिक वर्षहरुमा विभिन्न विद्यालयहरुलाई भौतिक निर्माण कार्यका लागि निकासा दिएकोमा हालसम्म पनि उक्त निर्माण कार्यहरु सम्पन्न भएको पाईएन । त्यसैले विगत वर्षहरुमा अनुदान प्रदान गरिएका भौतिक निर्माणका कार्यहरु यथाशिघ्र सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५ **कार्य मूल्याङ्कन प्रतिवेदन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) अनुसार कुनै निर्माण कार्य सम्पन्न भएपछी सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस आर्थिक वर्षमा विद्यालय भवन तथा विभिन्न भौतिक निर्माणका लागि रु.७ करोड ३५ लाख ५० हजार निकासा गरेकोमा लेखापरीक्षण अवधी सम्म प्राविधिक मूल्याङ्कन प्रतिवेदन पेश भएको छैन ।

## जिल्ला स्वास्थ्य कार्यालय

१ **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ अनुसार कार्यालयले आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरीक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागु गरी सक्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ । आन्तरिक नियन्त्रण प्रणली मुल्याङ्कन गर्दा वार्षिक खरिद योजना नबनाएको, मुल्य नखुलेका पुराना सामानको मुल्य खुलाई नराखेको, कार्य विवरण तयार गरी कर्मचारीलाई अधिकार र जिम्वेवारी नदिएको, शुशासन व्यवस्थापन तथा संचालन नियमावली २०६५ बमोजिम तालुक कार्यालयले निरिक्षण

नगरेको, कार्यालयको निरिक्षण पुस्तीकामा उल्लेखित व्यहोराको कारवाही नगरेको, पहिचान भएका जोखिम निराकरणको प्रयास नगरेको र आर्थिक कारोवारको संक्षिप्त वार्षिक प्रतिवेदन म.ले.प.फा नं.२११ तयार गरी तालुक कार्यालय पठाएको देखिएन ।

कार्यालयको कामको प्रकृति अनुसारको जोखिम पहिचान गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्न तथा सोको सुपरिबेक्षण तथा अनुगमन गर्न सम्बन्धित निकाय तथा तालुक कार्यालयले पहल गर्नु पर्ने देखिन्छ। कार्यालयवाट पेश भएको विवरण अनुसार ३ कर्मचारीहरुलाई २/२ वटा ल्यापटप दिएको देखियो कर्मचारीहरुलाई कार्यालयको कामको लगि १/१ वटा मात्र प्रयोग गर्न दिई वांकी ल्यापटप फिर्ता गरी अन्य कर्मचारीहरुलाई कार्यालयको काममा प्रयोग गर्न दिईनु पर्ने देखिन्छ ।

म.ले.प.फा.नं. ११८ नगदी रसिद नियन्त्रण खाता नराखेको, नगदी रसिद नियन्त्रण खाता नराखेको कारण कति नगदी रसिद आयो यकिन गर्न सकिएन , कारण स्वरुप प्राप्त राजस्ब यकिन गर्न सकिएन, त्यसैले नियममा उल्लेख भएको म.ले.प. फा.नं. ११८ नगदी नियन्त्रण खाता राख्नुपर्ने देखिन्छ ।

२ **शहरी स्वास्थ्य केन्द्र संचालन अनुदान :** विगतका आर्थिक वर्षहरुमा स्वीकृत भई संचालनमा रहेका केन्द्रका लागी एकमुष्ट रु. ३ लाख १० हजार र चालु आर्थिक वर्षमा नयाँ स्थापना हुनेको लागि एकमुष्ट रु.४ लाख अनुदान रकम विनियोजन भएको मा यो वर्ष कार्यालयले सो अनुदानमा रु.१० लाख २० हजार खर्च गरेको छ । निर्देशिकाको अनुसुची ४ बमोजिम धनकुटा जिल्लामा पुरानो केन्द्र नभएको र नयाँ धनकुटा नगरपालिकामा २ वटा र पाखीबास नगरपालिकामा १ वटा केन्द्र नगरपालिकाको शिफरिशमा जिल्ला स्वास्थ्य कार्यालयले निर्णय गरी स्थापना गर्न पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष सो वमोजिम शहरी स्वास्थ्य केन्द्र स्थापना गरी केन्द्रको बैंक खातामा अनुदान रकम दिई उक्त रकमको म्यूचियल फण्ड खडा गरी तोकिएको कार्यमा खर्च गरेको अभिलेख राख्न लगाई लेखापढी समेत गर्नु गराउनु पर्नेमा केन्द्र स्थापना नगरी धनकुटा नगरपालिकाको खातामा २ वटाको रु.६ लाख २० हजार र पाखीवास सहरी स्वास्थ्य सामुदायीक ईकाईमा रु.२ लाख २५हजार गरी रु.८ लाख ४५ हजार र अन्य खर्च समेत कुल रु.१० लाख २० हजार खर्च गरेको देखियो निर्देशिका बमोजिम केन्द्र स्थापना र नियमनको व्यवस्था नगरी धनकुटा नगरपालीकाको खातामा जम्मा गरेका रु.६ लाख २० हजार फिर्ता गरी राजस्व दाखीला हुनु पर्ने र पाखीवास शहरी स्वास्थ्य सामुदायीक ईकाईको रु.२ लाख २५ हजारको म्यूचियल फण्ड खडा भएको प्रमाण पेश हुन पर्ने तथा अन्य प्रशासनिक गरेको खर्च नियमित देखिन आएन ।

३ **आमा सुरक्षा कार्यक्रम :** आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका, २०६९ बमोजिम आमा सुरक्षा कार्यक्रमको सुपरिवेक्षण जिल्ला स्वास्थ्य कार्यालयबाट हुनेछ। कार्यालय अर्न्तगतका स्वास्थ्य संस्था बाट प्रदान गरिने आमा सुरक्षा कार्यक्रमको सुपरीवेक्षण सम्वन्धमा तोकिएको फारम भरी सुपरीवेक्षण भएको पाइएन । सुपरिवेक्षण कार्य तोकिए वमोजिम नहुदा विभिन्न तहबाट संचालन गरिने कार्यक्रम प्रभावकारी रुपमा संचालन नहुन सक्दछ । अत निर्देशिकाको ब्यवस्था पालना गरी प्रभावकारी रुपमा सुपरिवेक्षण गर्नु पर्ने भनी गत वर्ष नै औल्याइएको भए तापनि सुधार भएको देखिएन ।

४ **एकीकृत सुपरीवेक्षण कार्यक्रम :** कार्यक्रम संचालन निर्देशिका २०७२/०७३ अनुसार विभिन्न तहबाट संचालन गरिने कार्यक्रमहरुको विभिन्न तह र प्रकृयावाट एकीकृत सुपरिवेक्षण गरी प्रतिवेदन गर्नु पर्ने ब्यवस्था गरेको छ । कार्यालयले यस वर्ष सुपरिवेक्षण गर्दा टोलीगत रुपमा सुपरीवेक्षण नगरेको, सवै प्रतिबेदन एकिकृत गरी सम्वन्धित बिभागमा पठाउने नगरेको, सहायक स्तरका कर्मचारीहरुलाई समेत सुपरीवेक्षणमा खटाएको, सुपरीवेक्षण कार्य योजना बनाई सुपरीवेक्षण नगरेको तथा सुपरीवेक्षण प्रतिवेदनमा उल्लेख गर्नुपर्ने सबै विषय समावेश नगरी प्रतिवेदन तयार

गरेको पाइयो । बृहत कार्यक्षेत्र तथा सीमित अधिकृत स्तरका कर्मचारीहरुको उपलब्धताले सहायक स्तरका कर्मचारीहरुलाई समेत सुपरिवेक्षणमा खटाउनु परेको कार्ययोजना पालना तथा प्रतिवेदन सम्वन्धमा आगामी वर्ष सुधार गरिने कार्यालयको भनाई रहेको छ । अत निर्देशिकाको व्यवस्था पालना गरी एकीककृत सुपरीवेक्षण कार्य योजना तयार गरी प्रभावकारी रुपमा सुपरीवेक्षण गरी तोकिएको ढाँचामा प्रतिवेदन गर्नु पर्ने देखिन्छ ।

५ **औषधी खरिद तथा ढुवानी** : केन्द्र, क्षेत्र र कार्यालयले खरिद गरेका औषधी हस्तान्तरण फाराम तयार गरी प्राथमिक स्वास्थ्य केन्द, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकीको माग वेगर भुक्तानी गर्नु पर्दछ । कार्यालयमा खरिद भई वा हस्तान्तरण भई आएका औषधी तथा अन्य सामग्री स्वास्थ्य संस्थाको मागको आधारमा हस्तान्तर गर्दै जाने र स्वास्थ्य संस्थालाई पठाएको औषधी जिन्सी दाखिला गरे नगरेको विरामीले निशुल्क औषधी प्राप्त गरे नगरेको अनुगमन मूल्याङ्कन गर्नु पर्दछ । यो वर्ष हात्ति पाइले रोग औषधी सेवन अभियान कार्यक्रम २०७२।११।२१ देखि २०७२।१२।०५ सम्म संचालन भएकोमा कार्यालयले सो औषधि डाइथेल क्रयाव माजिन २ लाख ३९ हजार ट्यावलेट कार्यक्रम सम्पन्न पछि २०७३।२।५ मा स्वास्थ्य संस्थामा पठाएको देखियो । त्यस्तै जिल्ला स्वास्थ्य कार्यालयको औषधी मौज्दात विवरण परीक्षण गर्दा ८ किसिमका ट्यावलेटको औषधी आर्थिक वर्षको अन्त्यमा एक लाख भन्दा बढी परिमाण मौज्दात रहेको देखियो । निश्चित समायावधी भित्र उपयोग भै सक्नु पर्ने औषधी मिति सकिएपछि उपयोग लायक समेत हुने स्थिति नहुने हुदाँ आवस्यक परिमाण मात्र मौज्दात रहने व्यवस्था हुनु पर्ने देखिन्छ ।

६ **ठेक्का व्यवस्थामा ढिलाई** : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम २०(१) मा लागत अनुमान तयार गर्ने तथा ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्नेमा यो बर्ष ठेक्का व्यवस्था भएका रु.५५ लाख ७५ हजार का २ वटा ठेक्का मध्ये औषधि आपूर्ति संवन्धी दोश्रो चौमासिकमा र उपकरण आपुर्ति संबन्धी ठेक्का आषाढ महिनामा मात्र व्यवस्था भएको देखियो । नियममा भएको व्यवस्था अनुसार समयमै ठेक्का सम्झौता हुनपर्ने देखिन्छ ।

७ **सेवा करार नियुक्ति** :सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिठ्ठी पत्र ओसार पसार कम्प्यूटर टाईप, ड्राईभिङ्ग जस्ता दैनिक कार्य संचालन गर्न आवश्यक पर्ने सेवा करार लिनु परेमा एक लाख रुपैया सम्म शुल्क लाग्ने सेवा वार्ता गरी खरिद गर्न सकिने र सो भन्दा वढी सेवा लाग्ने भएमा स्थानीय पत्र पत्रिकामा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न सक्ने व्यवस्था छ। यस कार्यालयले सोझै विगतमा कार्यरत कर्मचारी ३२ जना तथा प्रतिस्पर्धात्मक आधारमा ३१ जना नियुक्ति गरी यो वर्ष रु.३० लाख ९९ हजार तलब भत्ता वापत खर्च लेखेको छ ।

## डिभिजन सडक कार्यालय

1. **वार्षिक खरिद योजना** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयवाट कार्यक्रम सन्चालन र खर्च गर्दा यो वर्ष रु.१९ करोड ३ लाख ९१ हजारको कार्यहरु गराउंदा वोलपत्र/शिलवन्दी दरभाउपत्र र अमानत समेतवाट कार्य गराएको छ । नियममा भएको व्यवस्था र स्वीकृत कार्यक्रम अनुसार चौमासिक वजेट खर्च गर्नु पर्ने भनी गत वर्ष नै सुझाउ गरिएको भए तापनि तेश्रो चौमासिकमा ७९.०२ प्रतिशत र आषाढ महिनामा मात्र ४६.२६ प्रतिशत खर्च गरेको छ ।

२ **आषाढ महिनाको अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ अनुसार खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयवाट प्राप्त वजेट खर्चको अख्तियारी विवरण अनुसार यो

वर्ष पूँजीगत वजेट तर्फका अख्तियारीहरु २०७२/०४/२८ देखि २०७३/०३/१९ सम्म वजेट खर्चका अख्तियारीहरु विभाग मार्फत प्राप्त भएको देखियो। यो वर्ष १० बजेट उप शीर्षक नं. मध्ये ३ वटा शीर्षकहरुमा रु.२९ लाख थप अख्तियारी २०७२।३।१९ र ३० गते पठाएको छ। नियममा भएको व्यवस्था अनुसार कार्यक्रम र अख्तियारी तोकिएको अवधि भित्र पठाउनु पर्दछ।

३ **खरिद कार्यमा प्रतिस्पर्धा** : सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ मा तोकिए वमोजिम लागतका खरिद सम्बन्धी कार्य संचालन गर्दा वोलपत्र, शिलवन्दी दरभाउपत्रको माध्यमवाट गराउनु पर्ने र उक्त कार्य गराउंदा पूर्ण प्रतिस्पर्धात्मक रुपमा संचालन गर्नु पर्ने व्यवस्था छ। यो वर्ष ठेक्का व्यवस्था भएका ६३ र गत विगत वर्षहरुमा ठेक्कापट्टा भई सकेका १५ समेत ७८ मध्ये ५१ शिलवन्दी दभाउपत्रवाट र २७ वोलपत्रको माध्यमवाट गरेको छ। खरिद कार्यमा प्रतिस्पर्धा गर्ने निर्माण व्यवसायीहरु सहभागिताका वारेमा परीक्षण गर्दा रु.१७ करोड ३४ लाख २५ हजारको लागत अनुमानका कार्य गर्न ६३ वटा प्याकेज तयार गरी सूचना प्रकाशित गरेकोमा ४३२ थान वोलपत्र/शिलवन्दी दरभाउपत्र विक्री भएको र सो मध्ये ३१३ वोलपत्रदाताको वोलपत्र दाखिला भएको छ। लागत अनुमानकै हाराहारीमा ठेक्का स्वीकृत भएको अवस्था देखिएकोले प्रतिस्पर्धा वढी हुने अवस्थाको सृजना गराउनु पर्दछ।

४ **आन्तरिक नियन्त्रण प्रणाली -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ (१) अनुसार कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने व्यवस्था छ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा स्वीकृत वार्षिक कार्यक्रम तथा खर्च गर्ने अख्तियारी सम्बन्धित आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा केही कार्यक्रममा ११.५ महिना सम्म ढिलो गरी अख्तियारी पठाएको, पूँजीगत बजेट रु.१९ करोड ३ लाख ९१ हजार मध्ये रु.१५ करोड ४ लाख ५३ हजार (७९.०२ प्रतिशत) तेस्रो चौमासिक र रु.८ करोड ८६ लाख ५७ हजार (४६.२६ प्रतिशत) आषाढमा खर्च गरेको देखियो, जिन्सी आम्दानी नबाँधिएका जिन्सी मालसामान, जिन्सी मालसामानको संरक्षण र सम्भारको अवस्था, जिन्सी मालसामानको हानी नोक्सानीको अवस्था, एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरेको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु तयार नगरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका मालसामान मर्मत हुन नसकी लिलाम गर्नु पर्ने उल्लेख भएकोमा लिलामी सम्बन्धी कारवाही नभएको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम कार्यालयले खरिदको गुरु योजना र खरिद योजना तयार नगरेको, निजामती सेवा ऐन, २०४९ को दफा ५ अनुसार नेपाल सरकारले स्वीकृत गरेको संगठनका कर्मचारीहरुको कार्य विवरण लागू नगरेको, सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यन्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकोमा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाईएन। यसबाट आर्थिक अनुशासन कायम गर्न कठिनाई हुने, वित्तीय पारदर्शिता प्रवर्द्धनमा कमी आउने हुदाँ नियन्त्रण प्रणली सुदृढ गरी ऐन, नियममा भएका व्यवस्थाको पूर्ण पालना गरिनु पर्दछ।

५ **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची-१ को व्यवस्था रहेको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र अन्य सानातिना खर्च २.५ प्रतिशत सम्म थप गर्ने व्यवस्था रहेको छ। सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ। यो वर्ष कार्यालयले रु.७४ लाख ७१ हजार (४.०८ प्रतिशत कूल सार्वजनिक खर्च) मध्ये तालुक विभागमा पठाएको रु.२० लाख कट्टा गरी कार्यालयले खर्च गरेको कन्टीजेन्सी रु.५४ लाख ७१ हजार भएको देखिन्छ। वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु

समावेश हुने हो सम्वन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन साथै यस सम्वन्धमा सम्वन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । अतः कन्टिन्जेन्सीबाट निर्माण संग सम्वन्धित प्रत्यक्ष कार्यमा मात्र खर्च गर्नुपर्दछ। कन्टिन्जेन्सीबाट मष्टरोल मार्फत रु.४ लाख ७६ हजार ज्याला खर्च लेखेको छ। निर्माणाधीन सडक खण्ड र पुलहरुमा सुपरभाइजर काममा लगाई निजहरुलाई पारिश्रमिक वापत उक्त खर्च लेखेको देखिन्छ । निर्माणाधीन सडक खण्ड र पुलहरुमा सुपरभाइजरहरु नियुक्ति गर्ने सम्वन्धमा आवश्यक मापदण्ड एवं नर्म्स तय गरेको पाइएन ।

६. **अधुरो ठेक्काहरु** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा खरिद सम्झौता उल्लंघन भए प्राप्त हुने उपचार सम्बन्धमा व्यवस्थापन गरेको छ। जसमा समयमा कार्य सम्पन्न हुन नसके पूर्व निर्धारित क्षतिपूर्ति प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ। लागत अनुमान रु.५० लाख भन्दा बढी भएको ३ वटा खरिद सम्झौताहरु निर्धारित समयमा कार्य सम्पन्न हुन नसकी-अधुरो रहेको पाईयो । सो मध्ये एक ठेक्काको कार्य सम्पन्न गर्नु पर्ने म्याद समाप्त भइसक्दा पनि केवल ३८.२ प्रतिशत मात्र कार्य सम्पन्न हुनु र अर्को एउटा को म्याद थप सहितको कार्य सम्पन्न गर्ने अवधी २०६९/०३/२६ देखि २०७३/१२/२६ सम्म ४ वर्ष ९ महिना मध्ये ८४ प्रतिशत भन्दा बढी अवधी व्यतित भै सक्दा पनि केवल ३२.६१ प्रतिशत मात्र काम सम्पन्न हुनुले तोकिएको समयमा ठेक्का सम्पन्न हने अवस्था देखिएन । अतः यससम्बन्धमा सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ ।

७ **म्याद थप** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ को उपदफा (२) मा भएका व्यवस्था अनुसार काबु वाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद संझौता अवधी नवढाई नहुने भएमा संझौता गर्ने व्यक्तिको निवेदन बमोजिम अधिकार प्राप्त अधिकारीले तोकिएको अधारमा अवधी बढाउन सक्ने व्यवस्था भए अनुसार ठेक्काहरुको म्याद थप भएको पाइयो। कार्यालयले आवश्यक जाचबुझ नगरी ठेकेदारको निवेदनको आधारमा १३ वटा ठेक्काहरुको म्याद ५० प्रतिशतसम्म र १७ वटा ठेक्काको म्याद शत प्रतिशत भन्दा बढी अवधिसम्म थप गरेको पाईयो। अतः सार्वजनिक खरिद नियमावलीको पूर्ण रुपमा पालना गरी म्याद थप गर्नु पर्दछ ।

८ **पूर्व निर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा आपूर्तिकर्ता, परामर्सदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद संझौता बमोजिम काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशत नबढने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । तोकिएको म्यादमा सम्पन्न नभएको र म्याद थप पनि नभएका परीक्षण गरिएका २ वटा ठेक्काहरुलाई सम्पन्न गर्नुपर्ने अवधि पछि भुक्तानी गर्दालाग्ने रु.६ हजार पूर्व निर्धारित क्षतिपूर्ति नलगाई भुक्तानी भएकोले असुल हुनु पर्ने देखिन्छ ।

९ **सेवा करार नियुक्ति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा, चिठ्ठी पत्र ओसार पसार, कम्प्यूटर टाइप, ड्राईङ्ग लगायतका कार्य संचालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनु परेमा एक लाख रुपैया सम्म शुल्क लाग्ने सेवा वार्ता गरी खरिद गर्न सकिने र सो भन्दा वढी सेवा लाग्ने भएमा स्थानीय पत्र पत्रिकामा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न सक्ने व्यवस्था छ । यस कार्यालयले विगतमा कार्यरत अनुभवी कर्मचारी २ जना नियुक्ति गरी यो वर्ष रु.३ लाख ६३ हजार तलब भत्ता वापत खर्च भएको विवरण पेश हुन आएको छ ।

१० **मूल्य समायोजन** :- तमोर नदीमा पूल निर्माण कार्य २०७२/०३/२५ सम्ममा सम्पन्न गर्ने गरी २०६९/३/२६ मा एक निर्माण व्यावसायीसँग खरिद सम्झौता भएकोमा २०७२/१२/२९ मा महा निर्देशकबाट २०७३/१२/२६ सम्मकालागि थप आर्थिक भार नपर्ने गरी म्याद थप भएकोमा यो

वर्ष सातौ रनिङ्ग विल रु १७ लाख ७६ हजार (मु.अ.कर सहित) भुक्तानी हुदाँ मुल्य समायोजन वापत रु. १ लाख ८३ हजार भुक्तानी भएकोले निर्णय संगत भएको देखिएन ।

**११** **भेरिएशन आदेश :** सार्वजनिका खरिद नियमावली, २०६४ को नियम ११८(१) ग भेरिएशन आदेश सम्बन्धी व्यवस्था रहेको छ । यस सम्बन्धमा निम्नानुसार भएको देखिन्छः

११.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को उपदफा (१) मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परीस्थिति, संझौता कार्यान्वयनको क्रममा श्रृजना भएमा सोको स्पष्ट कारण खुलाई काम हुदाँकै अवस्थामा भेरिएशन आदेश जारी गर्नुपर्नेमा सो को प्राविधिक पुस्ट्याई नखुलाई कार्य सम्पन्न प्रतिवेदन तयार गर्दाको अवस्थामा मात्र भेरिएशन आदेश जारी गरेको देखिएकोले यसमा सुधार हुनु पर्ने देखिन्छ ।

११.२ कोशी राजमार्गको चेनेज ७६+००० देखि ८१+००० मा आकस्मिक मर्मत कार्य गर्न रु.३ करोड ४७ लाख ४६ हजारको संझौता भएकोमा २०७३/०३/२४ मा महानिर्देशक तहबाट १४.२१ प्रतिशतले हुने गरी रु.४९ लाख ३९ हजारको भेरिएशन आदेश २०७३/०३/२४ मा जारी गरी संसोधित ठेक्का रु.२ करोड ९८ लाख ७ हजार कायम भएको छ । सो बमोजिमको कार्य सम्पन्न नगरी रु.२ करोड ९७ लाख ४५ हजारको मात्र कार्य सम्पन्न प्रतिवेदन तयार भएको पाइयो । यसरी भेरिएशन आदेश जारी भै सके पछि पनि सो बमोजिम कार्य नभएकोले कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु नियम सगँत देखिदैन । त्यस्तै खरिद सम्झौता बमोजिम कार्य शुरु भैसकेको कार्यको परिमाणमा थप घट गर्न वा नयाँ आइटम थप्न आवश्यक देखिएमा तत्काले भेरिएशन आदेश जारी गर्नु पर्नेमा केही कार्यहरु २०७१/७२ मा नै शुरु सम्झौता भन्दा बढी परिमाण कार्य सम्पन्न भै सकेको देखिन्छ । तर महानिर्देशक बाट उक्त घटी कार्यको भेरिएशन आदेश २०७३/०३/२५ मा मात्र स्वीकृत भएको देखिएकोले यस्तो पद्धतिमा सुधार हुनु पर्ने देखिन्छ ।

## धनकुटा बहुमुखी क्याम्पस

**१** **आय व्यय** : क्याम्पसको यसवर्षको आय व्यय विवरण अनुसार यस वर्षको आमदानी रकम रु.२ करोड ५ लाख ४९ हजार र यस वर्षको निकासा रकम रु.२ करोड ९४ लाख ७९ हजार समेत रु.५ करोड २८ हजार आम्दानी रहेकोमा यस वर्ष पेश्की समेत रु.५ करोड २२ लाख ८२ हजार खर्च भई रु.२ करोड २२ लाख ५५ हजार खुद घाटा केन्द्रीय कार्यालयमा सारेको देखिएको छ । केन्द्रीय कार्यालयको घाटा कम गर्ने तर्फ क्याम्पसको ध्यान जानु पर्दछ ।

**२** **धरौटी तथा दायित्व** : क्याम्पसको धरौटी तथा दायित्वको विवरण अनुसार २०७२।७३ को अन्त्यसम्ममा रु.१ करोड ९१ लाख ५ हजार धरौटी तथा दायित्व रकम बाँकी रहेको देखिएको छ । उक्त धरौटी तथा दायित्व रकम मध्ये विद्यार्थी धरौटी, कर्मचारी संचय कोष आयकर दिनुपर्ने तलव तथा अन्य दायित्व रकमहरु समेत रहेकोले पुरानो धरौटि रकम नियमानुसार फिर्ता गर्ने या आम्दानी वाध्ने तथा दायित्व रकम समेत नियमानुसार फरफारक गर्नु पर्ने देखिन्छ ।

क्याम्पसमा धरौटी तथा दायित्व विवरण अनुसार कूल धरौटी तथा दायित्व रकम रु.१ करोड ९१ लाख ५ हजार रहेकोमा नगद र बैंक मौज्दात अनुसार रु.१ करोड ६८ लाख ५० हजार मात्र रहेकोले धरौटी तथा दायित्व रकमको मौज्दात रु.२२ लाख ५५ हजार घटी देखिएको छ ।

**३** **पेश्की** : पेश्कीको विवरण अनुसार आर्थिक वर्षको अन्त्य सम्ममा यस वर्षको थप रु.२४ हजार समेत रु.१ लाख ८ हजार रकम फछ्र्यौट हुन बाँकी रहेकोले फछ्र्यौट हुनु पर्दछ ।

**४** **भौतिक परीक्षण** : आर्थिक विवरण अनुसूची १ मा देखिएको सम्पतिहरु त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० को परिच्छेद २० को दफा (१) र (२) अनुसार क्याम्पसले आफ्नो स्वमित्वमा रहेको पूँजीगत सम्पतिहरुको संरक्षण गर्नका लागि कम्तिमा वर्षको १ पटक भौतिक परीक्षण गर्नु गराउनु पर्नेमा गरेको छैन ।

५ **क्याम्पसको जमिन** : साविक झापा जिल्ला बैगुन धारा गाउ विकास समिति वडा नं. ६ मा क्याम्पसको स्वामित्वमा ९८-१४-० विगाहा जमिन भएकोमा २०५६/६/१६ मा हाल साविक भई २०६३/१०/१४ मा अद्यावधिक भएको जग्गा धनी प्रमाण पूर्जामा केवल ८७-१०-२ विगाहा मात्र कायम भएकोले १०-१३-१८ विगाहा जमिन साविक भन्दा कम भएको देखिन्छ। अतः यस सम्बन्धमा छानविन हुनु पर्ने देखिन्छ।

६ **आय तर्फ** : क्याम्पसको स्वामित्वमा रहेको झापा जिल्ला साविक जुरोपानी गाउ विकास समितिमा रहेको ४ विगाहा १३ घुर जग्गा ठेक्का लगाई सो वापत प्रति विगाहा ५८ मन (२३२० के.जी.) धानको मुल्य वरावरको रकम ठेक्काबाट असुल हुने गरेको देखिन्छ भने बैगुधारा गाउ विकास समितिमा रहेको जमिन मध्ये ८३-६-० विगाहा जमिन कमााउन दिएकोमा प्रति विगाहा ११ मन २० के.जी. (८२० के.जी.) धानको मुल्य वरावरको रकम स्थानीय व्यक्तिहरुबाट असुल हुने गरेको देखिन्छ। यसरी कमाउन दिदाँ रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन २०२० अनुसार ठेक्का बन्दोवस्त गरी कमाउन दिनु पर्नेमा सोझै स्थानीय व्यक्तिहरुलाई कमाउन दिदाँ जुरोपानी गाउ विकास समितिबाट प्राप्त हुने रकम भन्दा ८०.१७ प्रतिशत घटी आम्दानी हुने गरेको देखिन्छ। अतः यस सम्बन्धमा सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ।

७ **मूल्य अभिबृद्धि कर वीजक** : मूल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १४ बमोजिम प्रत्येक दर्ता भएको व्यक्तिले स्थायी लेखा नं उल्लेख गरी सिलसिलेवार नम्बर सहितको कर विजक जारी गर्नु पर्ने व्यवस्था भएकोमा एक फर्निचर उद्योग धनकुटालाई फर्निचर खरिद वापत ३ ओटा विजकको मूल्य अभिबृद्धि कर समेत रु.५७ हजार भुक्तानी गरेकोमा २ ओटा २०७२/४/४ र २०७२/८/३ को विजकमा नम्बर उल्लेख नभएको र एउटा विजक नम्बर ५९ कलमले लेखेको पेश भएको देखिएकोले उक्त विजकबाट लिएको मूल्य अभिबृद्धि कर भुक्तानी रु.७ हजार सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन भएको प्रमाण पेश हुनु पर्दछ।

८ **कर** : एक वर्षे बि.एड. कार्यक्रम सहभागी ६ जना कर्मचारीलाई वार्षिक भत्ता रु.२२ हजार भुक्तानी गरेकोमा आय कर ऐन, २०५८ बमोजिम १५ प्रतिशत अग्रिम कर कट्टी गरी भुक्तानी दिनु पर्नेमा कर कट्टी गरेको नदेखिएकोले कर रकम रु.३ हजार असुल गर्नु पर्दछ।

९ **सट्टा बिदा** : आर्थिक वर्ष २०७१/७२ मा अत्यावश्क युटिलिटी सेवा अन्तर्गत सार्वजनिक विदामा काम गरे वापत १३ जना कर्मचारीलाई २६ दिन देखि ७० दिन सम्मको सट्टा विदाको रकम रु.४ लाख ८० हजार भुक्तानी गरेकोमा सो कार्यमा कर्मचारी राख्ने सम्बन्धमा त्रिभुवन विश्वविद्यालय रजिष्ट्रार कार्यालयको निर्णय र सहमति पेश पेश हुन आएन।

१० **आन्तरिक लेखा परीक्षण प्रतिवेदन** : त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा संचयकोष सम्बन्धी नियम, २०५० को परिच्छेद ९ को नियम, ४५ (२) मा आन्तरिक लेखापरीक्षणबाट निस्केको बेरुजु अन्तिम लेखापरीक्षण हुन भन्दा अगाडि नै नियमिति गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजुको लागत कट्टा गराउनु पर्ने व्यवस्था छ। तर क्याम्पसले आन्तरिक लेखापरीक्षणबाट औल्याईएका निम्न बेरुजुहरुको स्थिति लेखापरीक्षण अवधि सम्म यथावत रहेको छ।

१०.१ सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक नियमावली, २०६४ को परिच्छेद ९ को दफा ९६ अनुसार र त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्था र संचयकोष सम्बन्धी नियम, २०५० को परिच्छेद १८ अनुसार मालसामान मर्मत सम्भार गर्ने, गराउने मागपत्र लागत अनुमान र पूर्व स्वीकृति वा कार्य सम्पन्न प्रमाणित गरेको संलग्न हुनु पर्नेमा विभिन्न पार्टीलाई मर्मत गरेको भनी भुक्तानी गरेको रु.२ लाख ६२ हजार नियम संगत भएको देखिन आएन।

१०.२ सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद २ को नियम ५ (१) बमोजिम कुनै पनि सामानहरु खरिद गर्दा उपनियम (१) बमोजिम सम्बन्धित विभाग तथा शाखाहरुबाट मागपत्र लिई कार्यालय

प्रमुख स्वीकृति गराई खरिद प्रकृया अगाडि बाउनु पर्नेमा रु.२ लाख ९५ हजार प्रकृया नपुऱ्याई खरिद गरेको देखिन आयो ।

१०.३ त्रिभुवन विश्वविद्यालय सभा तथा कार्यकारी परिषद्को २०६१/०७/२६ को निर्णय नं. ७९२ अनुसार यस क्याम्पसका कार्यरत स्थायी शिक्षकहरुले सप्ताहिक न्युनतम १५-१२ पिरियड लिनु पर्ने देखिएको बढी कक्षा लिएमा उक्त कक्षा भार कटाई बाँकी कक्षामा अतिरिक्त पारिश्रमिक दिनाको साथै अतिरिक्त कक्षाभार तालिकामा विभागीय प्रमुख, क्याम्पस प्रमुख आदिको स्वीकृति तथा प्रशासन शाखाबाट हाजिर प्रमाणित गराई मात्र लेखा शाखामा भुक्तानीको लागि आउनु पर्नेमा सो गरेको देखिन आएन ।

१०.४ मूल्य अभिबृद्धि कर ऐनको प्रावधान अनुसार भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालाई दिनुपर्नेमा सो वमोजिम भएको देखिन आएन ।

१०.५ क्याम्पसका कर्मचारीहरुलाई नियमित तोकिएको कार्य भन्दा बढी समय काम गरेको भनी खाजा खर्च दिने गरी काममा लगानु पर्ने भएमा त्रिभुवन विश्वविद्यालय कार्याकारी परिषद्को निर्णय नं. ९५९ अनुसार गर्नु पर्नेमा सो वमोजिम भएको देखिन आएन ।

१०.६ आर्थिक व्यवस्थापन सम्बन्धी नियम, २०५० को परिच्छेद ७ को नियम २६ उपनियम (३) अनुसार विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई पेश्की दिदाँ पहिलाको पेश्की फर्छौट नभए सम्म पुनः पेश्की दिइने छैन । नियम २७ को उपनियम (१) अनुसार पेश्की दिनु पर्दा कुन काममा निम्ति के कति रकम चाहिने हो त्यसको फाँटवारी सो व्यक्तिले पेश गर्नुपर्नेछ ।

१०.७ आर्थिक विवरणको अनुसूची ४ मा देखाएको पेश्कीहरुको सम्बन्धमा आर्थिक व्यवस्थापन तथा संचयकोष सम्बन्धी नियम, २०५० को परिच्छेद ७ को दफा ३४ (१) अनुसार बाँकी भएका पेश्कीहरुमा म्याद नाघेको मितिले १२ प्रतिशतका दरले ब्याज लगाउने नियममा तोकिएकोले अविलम्ब फर्छौट गर्ने तर्फ बारबाही गर्नु गराउनु पर्ने देखिन्छ ।

१०.८ विगत लामो समय देखि यस क्याम्पसको आवाश भाडा र लाग्ने विद्युत, पानीको महशुलबारे क्याम्पस प्रशासनले समयमको मागलाई ध्यानमा राखी उचित तबरले बढाउने तर्फ कारवाही भएको नदेखिएकोले ध्यानाकर्षण हुनु पर्ने देखिन्छ ।

## पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य तालिम केन्द्र

१ **पेश्की व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार भ्रमणबाट फर्केको ३५ दिन भित्र र खरिद पेश्की खरिद गरी कार्यालय फर्केको ७ दिन भित्र विल भरपाई सहित फछ्र्यौट गर्नु पर्ने नियमावलीमा व्यवस्था छ । कार्यालयले विभिन्न कार्यक्रमको लागि लेखा अधिकृतलाई पेश्की उपलब्ध गराएकोमा हालसम्म पनि रु.३ लाख १३ हजार पेश्की फछ्र्यौट गरेको पाइएन । तोकिएको आर्थिक कार्यविधि नियमावली वमोजिम म्याद नाघेका मितिले १० प्रतिशत व्याज लगाई असुल गर्नु पर्नेमा गरेको छैन । कोष तथा लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण गर्दा रु. ६ लाख १८ हजार मात्र पेश्की देखाएकोमा अन्तिम लेखापरीक्षण गर्दा रु.८ लाख १३ हजार पेश्की बाँकी देखिएकोले सो मध्ये लेखापरीक्षण क्रममा २०७३।११।०८ मा राजश्व दाखिला भएको रु.५ लाख कट्टी गरी बाँकी पेश्की रु.३ लाख १३ हजार नियमावली अनुसार असुल फर्छ्यौट हुनुपर्ने देखिन्छ ।

२ **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) उल्लेख भए वमोजिम जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख गरेको मर्मत हुन सक्ने सामान मर्मत गरी प्रयोगमा ल्याउनु पर्ने र मर्मत हुन नसक्ने सामान नियमावलीले तोकेको अवधि भित्र लिलाम गर्नुपर्नेमा सो बमोजिम नगरेको र आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित कार्याशालागोष्ठी आदी सम्पन्न भइसकेपछि कार्यक्रम अनुरुप कार्य सम्पन्न भए नभएको

र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नु पर्नेछ साथै त्यस्तो प्रतिवेदन अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयवाट सञ्चालित तालिम कार्यक्रममा त्यस्तो प्रतिवेदन पेश गरेको पाईएन । नियमावलीले तोकेको प्रवधान अनिवार्य रुपमा पुरा गर्नु पर्दछ ।

३ **विल भरपाई बेगर खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार यस नियमाबली बमोजिम खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । केन्द्रले कर्मचारी तालिम, अनुगमन खर्च लेखेकोमा घटी विल भरपाइ संलग्न गरी विल भरपाइ बेगर खर्च लेखेको रु.९१ हजार असुल गर्नु पर्दछ ।

४ **गत वर्षको भुक्तानी** : कार्यक्रम संचालन तथा बजेट खर्च निर्देशिका २०७२।७३ बमोजिम गत बर्ष भुक्तानी नभएको प्रमाण संलग्न गरेर भुक्तानी गर्नुपर्नेमा सो प्रमाण संलग्न नगरी तीन वटा तालिम कार्यक्रमको तालिम को गत वर्षको भुक्तानी बाँकी रहेको प्रमाण वेगर रु.४६ हजार खर्च लेखेकोले नियम संगत देखिएन ।

५ **प्रशिक्षक भत्ता** : विभिन्न कार्यक्रमको प्रशिक्षक भत्ता भुक्तानी सम्बन्धमा निम्नानुसार देखियो :

५.१ कार्यक्रम संचालन तथा बजेट खर्च निर्देशिका २०७२।७३ को अनुसुची ४ बमोजिम प्रतिदिन ४ प्रशिक्षक संख्या रहने व्यवस्था छ । सि.अ.हे.व. तालिमको २०७२ श्रावण देखि असोज सम्मको ७ जना प्रशिक्षकको २३८ कक्षा प्रति कक्षा रु.५००।- दरले रु.१ लाख १९ हजार भुक्तानी भएकोमा तालिम प्रशिक्षार्थीको हाजिर परीक्षण गर्दा श्रावण १२ गतेदेखि २२ गतेसम्म ११ दिन, भाद्र ८ देखि ३१ सम्म २४ दिन र असोजमा १ देखि ८ सम्म ८ दिन गरी कुल ४३ दिन तालिम संचालन भएको देखियो प्रतिदिन ४ का दरले १७२ प्रशिक्षकको रु. ८६ हजार मात्र भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी दिएको रु. ३३ हजार असुल हुनुपर्ने देखिन्छ ।

५.२ २०७१ असार देखि २०७२ असोज १५ सम्म सञ्चालित अ.हे.व. २०७०/७१ तालिम कार्यक्रममा २०७२ श्रावण देखि असोज सम्मको ३२८ कक्षाको प्रति कक्षा रु. ५००। का दरले रु. १ लाख ६४ हजार प्रशिक्षक भत्ता भुक्तानी गरेकोमा २०७२ श्रावण देखि असोज १५ सम्मको दुई महिना १५ दिनमा ६७ दिन (शनिवार बाहेक) प्रति दिन ४ कक्षाका दरले हुने २६८ कक्षा को हुने रु. १ लाख ३४ हजार मात्र खर्च लेख्नुपर्नेमा बढी खर्च लेखिएको रु. तीस हजार असुल हुनु पर्दछ ।

६ **खाजा खर्च** : यस सम्बन्धमा निम्नानुसार देखियो:

६.१ कार्यक्रम संचालन निर्देशिका २०७२।७३ को अनुसूची १ बमोजिम प्रतिदिन प्रतिव्यक्ति रु. १५०।- का दरले खाजा खर्च लेख्नु पर्नेमा २०७२ श्रावण देखि आश्विनसम्म ३५ जना प्रशिक्षार्थी र स्रोतव्यक्ति, लेखा, प्रशासन र कार्यालय सहयोगी समेत दैनिक ३९ जनाका दरले ४३ दिनको प्रतिव्यक्ति रु.१५०।- का दरले खाजा खर्च रु.२ लाख ५२ हजार लेख्नुपर्नेमा रु.४ लाख ६८ हजार खर्च लेखेकोमा यसरी वढी खर्च लेखेको रु.२ लाख १६ हजार असुल हुनु पर्दछ । कार्यालयले प्रशिक्षार्थी एम. एल. पी. तालिममा गएको अवधिको समेत धनकुटा देब्रेबासको होटलको बिल राखी खाजा खर्च भुक्तानी लेखेको बास्तविक खर्च मान्न सकिदैन ।

६.२ कार्यक्रम संचालन निर्देशिकाको अनुसूचीमा उल्लेख भए अनुसार तालिममा संलग्न जनशक्ति स्रोत व्यक्ति, लेखा, प्रशासन र कार्यालय सहयोगी समेत जम्मा ४ जनाको प्रति व्यक्ति प्रति दिन रु.१५०। का दरले २०७२ श्रावण देखि असोज मसान्त सम्मको गो. भा. नं. ६(क) ८ र ९ बाट पुनः ७८ हजार खर्च लेखेकोले दोहोरो खाजा खर्च लेखिएको रकम रु.७८ हजार असुल हुनुपर्ने देखिन्छ ।

७ **बढी भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार यस नियमाबली बमोजिम खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था गरेको छ ।

७.१ अ.हे.व तालिम २०७०।७१ को २०७२ श्रावणदेखि आश्विनसम्मको एक कर्मचारीलाई ३८ कक्षाको ५०० प्रति कक्षाको दरले रु.१९ हजार भुक्तानी दिनुपर्नेमा रु.३४ हजार भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम रु.१५ हजार असुल हुनुपर्दछ ।

७.२ कर्मचारी छनौट कार्यकालागि बसेको ८ वटा बैठक मा सहभागी ३।३ जना र छनौट कार्यमा तोकिएका ५ जना कर्मचारीको २० दिनको भत्ता बापत रु ६५ हजार भुक्तानी गरेकोमा क्षेत्रिय स्वास्थ्य तालिम निर्देशक र सदस्य सचिवको उपस्थितिमा ८ दिनको ५००। को दरले ३ जनाको रु.१२ हजार भुक्तानी दिनुपर्नेमा क्रमश १५, १७ र १५ दिनको गरी ४७ दिनको रु २४ हजार दिएकोले बढी भुक्तानी रु १२ हजार र आमन्त्रित सदस्यलाई उपस्थिति बेगर १८ दिनको रु.९ हजार भुक्तानी दिएको समेत रु.२१ हजार असुल हुनु पर्दछ ।

७.३ एक कर्मचारीलाई २०७२।११।१८ देखि २०७२।११।२३ सम्म र २०७३।२।२४ देखि २०७३।२।३० सम्मको काजमा खटाई दैनिक भ्रमण भत्ता भुक्तानी गरेकोमा निज २०७२।११।१५ देखि २१ गतेसम्म ७ दिन र २०७३।२।२५ देखि २।२८ सम्म पर्व विदा र कार्यालय हाजिर देखिएकोले काजमा नखटेको उक्त अवधिको दैनिक भ्रमण भत्ता रु.२४ हजार असुल हुनु पर्दछ ।

८ **आन्तरिक लेखा परीक्षण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ मा कार्यालयको आन्तरिक लेखापरीक्षण सम्वन्धमा विभिन्न कार्यविधि, जिम्मेवारी, अनुगमन प्रकृया तोकेको छ । यो वर्ष केन्द्रले कार्यालय हाता भित्र संचालनमा रहेका तालीमको सहभागीको निर्वाह भत्ता, खाजा खर्च र तालीम सामाग्री खरिद जस्ता खर्चकालागि विल भर्पाइ संलग्न गरी सोभैं खर्च नलेखि लेखा अधिकृतलाई वर्ष भरी रु.६४ लाख ७० हजार पेश्की दिई आर्थिक वर्षको अन्तिम महिनामा रु.३५ लाख ६७ हजार फछ्र्यौट गरी आन्तरिक लेखापरीक्षणबाट रु.६ लाख १८ हजार पेश्की बाँकी देखाएकोमा अन्तिम लेखा परीक्षण गर्दा रु.८ लाख १३ हजार देखिएवाट आन्तिरिक लेखा परिक्षण कार्य नियमानुसारको कार्यविधि अपनाई भएको छ भन्न सक्ने अवस्था भएन ।

## पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय

१ **दरवन्दी पदपुर्ति** : निजामती सेवा ऐन, २०४९ वमोजिम रिक्त दरवन्दी तोकिएको अवधि भित्र पदपूर्ति गरी सक्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयबाट प्राप्त स्वीकृत दरबन्दी विवरण अनुसार कार्यालयको विभिन्न पद ५२ रहेकोमा ३० मात्र पदपूर्ति भई २२ दरवन्दी खाली रहेको छ । दरवन्दी खाली रहंदा कार्यालयको कार्यसम्पादनमा असर पर्नुका साथै कार्यालयको निर्धारित उद्देश्य प्राप्तिमा समेत असर पर्ने हुंदा ऐनको प्रावधान अनुसार पदपूर्ति हुनु पर्ने देखिन्छ ।

२ **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ को उपनियम( १) अनुसार प्रत्येक कार्यालयले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्ने गरी आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गरेको छ । निर्देशनालयमा वार्षिक खरिद योजना बनाएको भए पनि कार्यान्वयन नभएको, मुल्य नखुलेको सामानको मुल्य कायम गराई नराखेको, कार्य विवरण तयार गरी कर्मचारीलाई अधिकार र जिम्मेवारी दिएको, खर्च गर्ने अख्तियारी समय नघाई ६ महिना ढिला आएको, जिन्सी निरीक्षण गरी प्राप्त भएको प्रतिवेदनको आधारमा रिभल्भीङ कुर्सि ६ र हाते कुर्सि १२ लगायत दर्जनौ सामानहरु चालु हालतमा नरहेको सामानहरु मर्मत वा लिलाम जिन्सीको अवस्था चुस्त दुरुस्त हुनु पर्ने जस्ता आन्तरिक नियन्त्रणात्मक पद्धतिमा सुधार हुनु पर्ने देखिन्छ ।

३ **एकीकृत सुपरिवेक्षण** : स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखाको जिल्ला स्तरीय कार्यक्रम संचालन निर्देशिका २०७२।७३ अनुसार विभिन्न तहबाट संचालन गर्ने कार्यक्रमहरुको एकीकृत सुपरिवेक्षण गर्नु पर्ने व्यवस्था गरेको छ । कार्यालयले यस वर्ष सुपरिवेक्षण गर्दा टोलीगत रुपमा सुपरिवेक्षण गरे तापनि सवै प्रतिबेदन एकिकृत गरी सम्वन्धीत बिभागमा पठाउने नगरेको, सहायक

स्तरका कर्मचारीहरुलाई समेत सुपरिवेक्षणमा खटाएको, पुर्ण रुपमा सुपरीवेक्षण कार्य योजना पालना नगरेको तथा सुपरिवेक्षण प्रतिवेदनमा उल्लेख गर्नुपर्ने सबै विषय समावेश नगरी प्रतिवेदन तयार गरेको पाइयो ।

४ **फरक कार्यक्रमको खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ बमोजिम खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेटको परिधिभित्र रही सम्बन्धित कार्यक्रमसंग संबन्धित खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले कायक्रम संचालन भएको मिति भन्दा अगाडि र पछाडीको मितिमा २५ कर्मचारीहरुलाई सो कार्यक्रममा र अन्य असम्बन्धित कार्यकममा गएको दैनिक भ्रमण खर्च रु.२ लाख १५ हजार भुक्तानी दिएको देखियो । यसरी कर्मचारीलाई खटाउँदा भुक्तानी दिएको भ्रमण खर्च यथार्थपरक, वास्तविक र सम्बन्धित कार्यक्रमको वजेट सिमाभित्र खर्च गर्नु पर्दछ ।

५ **तालिम नर्म्स** : कार्यालयले विभिन्न मितिमा गोष्ठी संचालन गर्दा अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका, २०७० मा तोकेको मापदण्डको आधारमा गर्नु पर्नेमा विभिन्न मितिमा संचालन गरेको तालिममा ७ दिन भन्दा घटिको तालिममा सहभागिहरुको स्टेशनरी प्रति सहभागि रु.५०।- र खाजा खर्च रु.१५०।- खर्च गर्नु पर्नेमा सो भन्दा वढी खर्च गरेको देखिएकाले नमर्समा उल्लेख भएको सिमा भित्र रहेर खर्च गर्नु पर्दछ ।

## मालपोत कार्यालय

१. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र संभार गरी चालु अवस्थामा राख्नु पर्ने उल्लेख छ । कार्यालयवाट प्राप्त जिन्सी निरीक्षण फाराम अनुसार १२ किसिमका ४७ थान सामानहरु चालु हालतमा नरहेकाले मर्मत गर्नु पर्ने र १० किसिमका ६८ थान सामान मर्मत नहुने देखिएकोले लिलाम गरिनु पर्दछ ।

२ **स्थानीय भत्ता** - स्थानीय कार्यालयमा हाजीर भई कार्य गरेको अवस्थामा तोकिए बमोजिम स्थानीय भत्ता दिने व्यवस्था भएकोमा कार्यालय प्रमुख कार्यालयमा उपस्थित नभई काजमा रहेको अवस्थामा निकटतम वरिष्ठ कर्मचारीलाई निमित्त भत्ता भुक्तानी गर्दा प्रमुख मालपोत अधिकृतको स्थानीय भत्ता कट्टा गरी तलव भत्ता खुवाउनु पर्नेमा स्थानीय भत्तासमेत भुक्तानी गरेकोले बढी भुक्तानी रकम रु.२ हजार असुल हुनु पर्दछ ।

३ **मूल्याङ्कनः** मालपोत कार्यालयले रजिष्ट्रेशन लिखत पारीत गर्दा लिखतमा थैली कायम गर्ने प्रयोजनको लागि न्युनतम मुल्याङ्कन समितिले निर्धारण गरेको थैली अंकमा नघटाई पारीत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको २०७१।७२ को न्यूनतम मूल्याङ्कन पुस्तिकाको विविध खण्डको सि.नं. ११ मा हक हस्तान्तरण हुने गरी लिखत पारीत गर्नुपर्ने अवस्थामा सम्बन्धित व्यक्तिले सम्बन्धित स्थानीय निकायको घरबाटो सिफारिस पेश गर्नुपर्ने उल्लेख छ । पुस्तिकामा उल्लेखित प्रावधान पालना भए नभएको रजिष्ट्रेशनका वखत सम्बन्धित कर्मचारीले हेर्नु पर्दछ । केही लिखतहरुमा घरबाटो सिफारिस पत्र वेगर चार किल्ला प्रमाणित गरेको आधारमा लिखत पारीत गरेको देखिन्छ । बाटोको सिफारिसले मुल्याङ्कनमा असर पर्ने हुनाले घर बाटो अनिवार्य खुलाई पारीत गर्नुपर्ने देखियो ।

४ **अभिलेख व्यवस्थापन** : कार्यालयमा रहेका पुराना लिखत तथा मोठहरु एवं अभिलेखको सुरक्षा र संरक्षणको लागि विद्युतीय प्रविधिमा आधारित कम्प्युटर सूचना प्रणालीमा आवद्ध गर्ने नीति रहेकोमा सो कार्य आंशिक रुपमा गरेकोले कार्यालयमा रहेका अभिलेखहरुलाई सूचना प्रविधिमा आवद्ध गरी संरक्षण र सांकेतिकरण गर्नु पर्ने देखियो । सार्वजनिक जग्गाको लगत अद्यावधिक गर्ने, प्रकाशन गर्ने, संरक्षण गर्ने तथा सदुपयोगको कार्ययोजना तयार नगरेको, मालपोत कार्यालयको मोठ, लगत

श्रेस्ता तथा सवै तथ्याङ्कलाई डाटा वेसमा लैजाने नीति रहेकोमा कार्यालयले आंशीक रुपमा मात्र सो कार्य गरेको, अभिलेख व्यवस्थापनको लागि पर्याप्त  बजेट व्यवस्था नभएको, दुर्घटनाबाट बच्न अग्नी नियन्त्रण उपकरणको व्यवस्था नभएको जानकारी प्राप्त भएकोले बजेट व्यवस्था गरी अभिलेख व्यवस्थित एवं सुरक्षित गर्नु पर्ने र नापी कार्यालयसँग कम्प्यूटर संञ्जालीकरण गरी अभिलेख व्यवस्थापन गर्नु पर्नेमा तदनुरुपको कार्य गरेको पाइएन ।

## सिंचाइ विकास डिभिजन

१ **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार प्रत्येक कार्यालयले विनियोजन, राजश्व, धरौटी, जिन्सी, र अन्य आम्दानी खर्चको लेखा महालेखा परीक्षकको स्वीकृत ढाँचामा राख्नु पर्ने व्यबस्था छ । नापी किताबमा भुक्तानीको गोश्बारा भौचर नम्बर र मिति उल्लेख गरेको पाइएन । सुशासन व्यवस्थापन तथा संचालन नियमावली, २०६५ बमोजिवम तालुक कार्यालयले निरीक्षण गरेको, कार्यालयको निरीक्षण पुस्तिकामा कारवाहीको व्यहोरा उल्लेख गर्नु पर्नेमा आशिंक रुपमा मात्र गरेको भन्ने विवरण प्राप्त भएको छ । यसैगरी कार्यालयले आयोजनाको उद्देश्य प्राप्तिमा आईपर्ने सम्भावित जाखिमहरु पहिचान गर्नुपर्ने र ती पहिचान भएका जोखिम निकारणको लागी प्रयास गर्नुपर्नेमा सो भए गरेको देखिएन भनी गत वर्ष नै औल्याईएको भए तापनि स्थिति यथावत छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५०(५) मा जिन्सी निरीक्षण गरी जिन्सी व्यवस्थापन चुस्त दुरुस्त राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयमा भएको जिन्सी मौज्दातको विवरण अनुसार काठका कुर्सी थान ५, वेतको कुर्सी टेवुल सहित १ थान लगायतका दर्जनौ सामान काम नलाग्ने र काठको टेवुल थान ५, काठको दराज थान ६ लगायतका दर्जनौ सामानहरु मर्मत गर्नु पर्ने देखिएकोले त्यस्ता सामानहरु लिलाम मर्मत जो गर्नु पर्ने हो सो गरी साथै मुल्य नखुलेको पुरानो मालसमानको समेत मूल्य खुलाई जिन्सी व्यवस्थापन दुरुस्त राख्नु पर्ने देखिन्छ ।

२ **खर्चको तुलनात्मक स्थिति :** कुल पूँजीगत खर्च रु.६ करोड १२ लाख ५६ हजार मध्ये पहिलो चौमासकिमा २.७६, दोस्रो चौमासिकमा १५.६० प्रतिशत र अन्तिम चौमासिक अवधिमा ८१.६२ प्रतिशत र आषाढ महिनामा मात्र ४२.३९ प्रतिशत खर्च भएको छ । उल्लेखित खर्च मध्ये तेस्रो चौमासिक र आषाढमा अधिकांश खर्च भएको देखिन्छ ।

३ **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) वमोजिमको पेश्की फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । कार्यालयले पेश गरेको पेश्की विवरण अनुसार २ निर्माण व्यवसायीको रु.१७ लाख २७ हजार म्याद ननाघेको मोविलाईजेसन पेश्की आर्थिक वर्षको अन्तमा फछ्र्यौट नभै बाँकी रहेकोले फछ्र्यौट हुनुपर्ने देखिन्छ ।

४ **सिंचाइ सेवा शुल्क :** सिंचाई नियमावली, २०५६ को नियम २९ को उपनियम ३ को अनुसूची ३ मा उपभोक्ता समितिले सिंचाई प्रणालीको व्यवस्थापन क्षेत्रको आधारमा सिंचाई सेवा शुल्क उठाउने र उपभोक्ता समिति स्वयंको खातामा, केन्द्रीय मर्मत सम्भार कोष खातामा र राजस्व खातामा जम्मा गर्ने प्रतिशत तोकेको छ । डिभिजनले यो वर्ष सिंचाइ सेवा शुल्क बापत रु.३ हजार राजस्व खातामा दाखिला गरेको पाइयो । तर कुन उपभोक्ता समुहबाट सो दाखिला भएको खुल्न नआएकोले असुल हुनु पर्ने राजस्वको लगत खडा गर्नु पर्दछ ।

५ **बोलपत्रमा सहभागिता :** आर्थिक बर्ष २०७२।७३ मा मर्मत बाहेकका २ सिंचाई आयोजना को ठेक्का व्यवस्थापन भएकोमा कार्यालयले उपलब्ध गराएको बोल पत्रमा सहभागीता र लागत कबोल अंकको तुलना विवरण अनुसार मझौला सिंचाई योजना अन्तर्गत भोर्लेडाँडा, मूलावारी, वांदरमिर सिचांई योजनाको ठेक्का व्यवस्था गर्दा ५ वटा बोलपत्र विक्री भएकोमा ३ वटा मात्र बोलपत्र कार्यालयमा दाखिला भई लागत अनुमान रु.१ करोड २ लाख ११ हजारको काम १३.०६ प्रतिशत घटी भई रु.८८ लाख ७७ हजारमा ठेक्का व्यवस्था भएको छ । ओडारे कुलो सिचाई योजनाको

ठेक्का व्यवस्था गर्दा ४ वटा बोलपत्र बिक्री भई ३ वटा बोलपत्र कार्यालयमा दाखिला भई लागत अनुमान रु.१ करोड ९३ लाख ६९ हजारको काम ११.४३ प्रतिशत घटी रु १ करोड ७१ लाख ५४ हजारमा ठेक्का सम्झौता भएको पाइयो । अतः निर्माण कार्यलाई पूर्ण प्रतिस्पर्धात्मक बनाउन बढी भन्दा बढी बोलपत्र दाताहरुलाई सहभागी बनाउने बातावरण तयार हुनु पर्दछ ।

६ **ठेक्का व्यवस्थामा ढिलाई** : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम २०(१) मा लागत अनुमान तयार गर्ने तथा ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्नेमा यस बर्ष ठेक्का व्यवस्था भएका मझौला सिचाई योजना अन्तर्गतका रु २ करोड ६० लाख ३० हजारका २ वटा ठेक्का २०७३ अषाढमा मात्र व्यवस्था भएको देखियो । जस्ले गर्दा सेवाग्राहीले समयमै पाउने सेवा सुविधामा ढिलाई हुन जाने देखिँदा नियममा भएको व्यवस्था अनुसार समयमै ठेक्का सम्झौता हुनुपर्ने देखिन्छ ।

७ **भेरिएशन आदेश** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ (१) तथा २ मा भएको व्यवस्था अनुसार ठेक्का अंक भन्दा घटी वढी काम भएमा भेरियशन आदेश जारी गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले एउटा सिंचाई योजनामा ठेक अंक भन्दा ९.३३ प्रतिशत घटी तथा अर्को सिंचाई योजनामा १५.१४ प्रतिशत घटीमा काम सम्पन्न भए तापनि भेरिएशन आदेश जारी नगरी कार्य स्वीकार्य प्रतिवेदन तयार पारेको देखिन आयो यस सम्वन्धमा छलफल हुंदा भुकम्पको कारणवाट भौगोलिक अवस्थिति परिवर्तन भएकोले उक्त अवस्था हुन गएको भनाई रहेको पाईयो ।

८ **कन्टीजेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०७ मा निर्माण कार्यको लागत अनुमान अनुसूची (१) को ढाँचामा तयार गर्नुपर्ने उल्लेख छ । अनुसूची १ मा वर्कचार्ट स्टाफ खर्च २.५ प्रतिशत, सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टीजेन्सी खर्च समावेश गर्ने व्यवस्था गरेको छ । कार्यालयले दिएको विवरण अनुसार यो वर्ष रु.२४ लाख ५६ हजार कन्टेन्जेन्सी खर्च भएकोमा निम्नानुसार देखिन्छ :

८.१ अर्थमन्त्रालयको परिपत्र अनुसार कन्टीजेन्सी खर्च ५ प्रतिशतमध्ये २ प्रतिशत पूँजीगत कार्यमा खर्चगर्नुपर्ने व्यवस्था अनुसार रु.९ लाख ८२ हजार पूँजीगत र प्रशासनिक खर्चको अलग अलग अभिलेख नराखेकोले पूँजीगत कार्यमा कति खर्च भयो भनी यकिन गर्न सकिएन ।

८.२ कन्टिन्जेन्सी खर्च गर्ने सम्वन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-१ (नियम १० (७) संग सम्वन्धित) मा उल्लेखित व्यवस्था वाहेक अन्य कुनै आधार देखिदैन । उक्त अनुसूची-१ मा वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना खर्च २.५ प्रतिशत हुने उल्लेख छ । वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्वन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन साथै यस सम्वन्धमा सम्वन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । अतः कन्टिन्जेन्सीबाट निर्माण संग सम्वन्धित प्रत्यक्ष कार्यमा मात्र खर्च गर्नुपर्दछ ।

९ **धरौटी सदरस्याहा** : कार्यालयले पेश गरेका धरौटी वांकीको विवरण अनुसार आर्थिक वर्ष २०५३/११/१२ देखिको धरौटी वाँकी रहेको देखिएकोले नियमानुसार धरौटी सदरस्याहा गर्नु पर्दछ ।

१० **सेवा करार नियुक्ति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिठ्ठी पत्र ओसार पसार लगायतका कार्य संचालन गर्न आवश्यक पर्ने सेवा करार लिनु परेमा एक लाख रुपैयासम्म शुल्क लाग्ने सेवा वार्ता गरी खरिद गर्न सकिने र सो भन्दा वढी सेवा लाग्ने भएमा स्थानीय पत्र पत्रिकामा सुचना प्रकाशन गरी प्रस्ताव माग गर्न सक्ने व्यवस्था छ। कार्यालयले नियमको व्यवस्था विपरित विगतमा कार्यरत कर्मचारी ३ जना नियुक्ति गरी यो वर्ष रु.४ लाख ८३ हजार तलब भत्ता वापत खर्च लेखेको विवरण पेश हुन आएको छ ।

# शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४० (७) अनुसार विशेष कारण एवं परिस्थितिवश उपनियम (८) मा उल्लेखि खर्च शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च बेहोर्नु पर्ने भएमा बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनु पर्ने कारण खोली महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चेवारीमा चढाई श्रावण १५ गते भित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई आर्थिक विवरण साथ तालुक कार्यालय सम्बन्धित मन्त्रालय, कोष तथा लेखा नियन्त्रक कार्यालय तथा महालेखा परीक्षकको कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष ३ वटा निर्माण सेवाको गत वर्षको रनिङ्ग विल अनुसारको भुक्तानी हुनु पर्ने रकम रु.६५ लाख २७ हजार यस वर्ष भुक्तानी गरेकोमा नियमावली अनुसार तोकिएको ढाँचामा गत वर्ष श्रावण १५ गते भित्र प्रमाणित गराई सम्बन्धित निकायमा पठाएको देखिन आएन ।

२ **चौमासिक खर्च विवरण** : लेखापरीक्षणको लागि पेश भएको चौमासिक पूँजीगत खर्च विवरण अनुसार बजेट खर्च समानुपातिक रुपमा हुन सकेको छैन । यस वर्षको पूँजीगत खर्च रु.११ करोड ८३ लाख ८१ हजार मध्ये प्रथम, दोस्रो र तेस्रो चौमासिकमा क्रमशः ११.४८, ९.४१ र ७९.११ प्रतिशत खर्च भएको छ । विशेषत तेस्रो चौमासिकमा मात्र ७९.११ प्रतिशत र असार महिनामा कूल खर्चको ३९.५७ प्रतिशत खर्च हुनु उपयुक्त देखिदैन ।

३ **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार कार्यालयबाट पेश भएको ठेक्का बन्दोबस्ती सम्बन्धी विवरण अनुसार यो वर्ष संचालित ६ वटा कार्यहरूको ठेक्का सम्झौता भएकोमा ४ वटा दोस्रो चौमासिकमा ठेक्का सम्झौता गरेको छ । यसले गर्दा निर्माण कार्य समयमा सम्पन्न नहुने तथा जनतामा प्रवाह हुने सेवा सुविधामा असर पर्ने हुँदा नियमको पालना गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

४ **म्याद थप** : सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण व्यवसायीको ढिलाईको कारणले तोकिएको म्यादभित्र काम सम्पन्न हुन नसकेमा निजबाट पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नु पर्ने र पूर्व निर्धारित क्षतिपूर्ति दिंदैमा सम्बन्धित निर्माण व्यवसायी कार्य सम्पन्न गर्ने दायित्वबाट मुक्त हुन नसक्ने व्यवस्था छ । कार्यालयले १० ठेक्काको कार्य प्रगती म्याद थप विश्लेषण गर्दा न्यून प्रगती भएका २ ठेक्काको क्रमश ८.६५ प्रतिशत र १०.१४ प्रतिशत मात्र प्रगती भएकोमा ती ठेक्काको म्याद थप समेत कार्य सम्पन्न गर्नु पर्ने अवधि ४ महिना मात्र देखिन्छ । १ ठेक्काको ०७१/०७२ मा ३ ठेक्काको ०७२/७३ र ४ ठेक्काको म्याद लेखापरीक्षण अवधी सम्ममा समाप्त भए तापनि कार्यालयले म्याद थप गरेको छैन यसरी कार्यालयले समयमा म्याद थप नगरेकोमा हर्जना लगाउने वा ठेक्का तोड्ने निर्णय समेत गरेको छैन । यस तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्ने देखिन्छ ।

काबु बाहिरको परिस्थिति भएमा तथा काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरेको अवस्थामा समेत काम सम्पन्न प्राप्त विवरणको अध्ययन गर्दा जम्मा २१ ठेक्का मध्ये १० ठेक्काको ५० प्रतिशत, ७ ठेक्काको ५० देखी १०० प्रतिशत र बाँकी ४ ठेक्काको शत प्रतिशत भन्दा बढी म्याद थप भएको देखियो । बन्द, हड्ताल, बर्षात् दुर्गमस्थान जस्ता कारणहरू दर्शाइ विभागबाट म्याद थप गरेकोमा केहीमा पूर्वनिर्धारीत क्षतिपूर्ति लिने गरी पटक पटक म्याद थप गर्ने गरेको पाइयो । जसबाट तोकिएका निर्माण कार्यहरू समयमै सम्पन्न नहुने,लागत वढने र गुणस्तरमा समेत असर पर्ने देखिन्छ। अतः सम्झौतामा तोकिएको कार्य तालिका अनुसार निर्माण कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

५ **अधुरा आयोजनाहरू** : परीक्षण गरिएका ८ वटा आयोजनाहरुमा निर्माण व्यवसायीले निर्माण कार्य समयमा सम्पन्न गर्न नसकी पटक-पटक गरी म्याद थप गरेको देखिन्छ। म्याद थपको अवधिमा

पनि निर्माण सम्बन्धी काममा कुनै चासो नदिने, कार्यालयले पत्राचार गर्दा पनि सम्पर्कमा नआउने, म्याद थप सकिएकोमा म्याद थप नभएको, बैंक जमानतको म्याद समाप्त भएको, थपिएको अवधीमा समेत काम अगाडि नबढाएको अवस्थामा कुनै कारवाही भएको समेत देखिएन । निर्माण कार्यको लागि ३ निर्माण व्यवसायीहरूलाई पेश्की रकम दिएकोमा लामो समयसम्म सम्झौता अनुसारको कार्य नगरेको र कार्यालयले पटक-पटक ताकेता गर्दा पनि निर्माण कार्य अगाडि नबढाएकोले सम्बन्धित निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई पेश्की रकम, बैंक ग्यारेन्टी जफत गरी असुल गर्नुपर्ने देखिन्छ ।

६ **कन्टिन्जेन्सी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०७ को अनुसूची १ मा उल्लेख भए अनुसार निर्माण कार्यको छुट्टाछुट्टै कन्टीन्जेन्सी खाता राख्नु पर्ने व्यवस्था छ । कार्यालयले कन्टेन्जेन्सी विवरणको खाता राखेको छ । कार्यालयले दिएको विवरण अनुसार विभिन्न निर्माण कार्यको कूल लागत अनुमान रु.१ अरव २ करोड ०५ लाख ६४ हजार रहेकोमा गत वर्ष सम्म रु.१ करोड ६८ लाख ०८ हजार र यो वर्ष रु. ३२ लाख ६२ हजार गरी जम रु.२ करोड ७० हजार खर्च भएकोमा निम्नानुसार भएको देखिन्छ :

६.१ एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रममा यो वर्ष रु.८ करोड ४९ लाख ८ हजार खर्च भएकोमा सोको ३.७ प्रतिशत हुने रकम रु.३१ लाख ४२ हजार मात्र खर्च गर्न पाउनेमा रु.३२ लाख ६३ हजार खर्च गरी तोकिएको सीमा भन्दा वढी खर्च रु.१ लाख २१ हजार भएको देखिन्छ ।

६.२ कन्टिन्जेन्सी खर्च गर्ने सम्वन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-१ नियम १० (७) संग सम्बन्धितमा उल्लेखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिदैन । उक्त अनुसूची-१ मा वर्कचार्ज खर्च २.५ प्रतिशत र सानातिना खर्च २.५ प्रतिशत हुने उल्लेख छ । वर्कचार्ज स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरू समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन साथै यस सम्वन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । अतः कन्टिन्जेन्सीबाट निर्माणसंग सम्वन्धित प्रत्यक्ष कार्यमा मात्र खर्च गर्नु पर्दछ ।

७ **कार्य सम्पन्न प्रतिवेदन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ बमोजिम यस बर्ष सम्पन्न भएका ११ वटा कार्यक्रमको कार्य स्वीकार प्रतिवेदन पेश भएकोमा सोही नियमावलीको नियम १२५(२) अनुसार निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइग, डिजाइन वा स्पेशिफिकेशन बमोजिम भए नभएको प्राविधिकबाट जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष काम सम्पन्न भएका मितिले एक वर्ष पूरा हुन लागेका निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने देखिन्छ ।

८ **बोलपत्र प्रतिस्पर्धा** : सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार बोलपत्र, शिलवन्दी दरभाउपत्र माध्यमबाट खरिद कार्य गराउनु पर्ने र उक्त कार्य गराउँदा पूर्ण प्रतिस्पर्धात्मक रुपमा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ६ वटा ठेक्काहरूको बोलपत्र गरेमा थोक्लुङ्ग स्वास्थ्य चौकीको भवन निर्माणका अन्यन्त न्यून बिक्री तथा दाखिला (१ थान मात्र बोलपत्र बिक्री भई १ थान दाखिला) भएकोमा लागत अनुमान रु.२ करोड १६ लाख ४८ हजार भएकोमा सो ३.२७ प्रतिशत कम अर्थात रु.२ करोड ९ लाख ३९ हजार मा खरिद सम्झौता भएको पाइयो प्रतिस्पर्धा हुने अवस्थाको श्रृजना गराउनु पर्दछ ।

९ **करार सेवामा नियुक्ति** : सार्वजनिक खरिद ऐन नियमावली, २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा, चिठ्ठी पत्र ओसार पसार, कम्प्यूटर टाईप, ड्रइङ्ग जस्ता दैनिक कार्य संचालन गर्न आवश्यक भई करार सेवामा लिनु परेमा एक लाख रुपैया सम्म शुल्क लाग्ने सेवा वापत सोझै खरिद गर्न सकिने र सो भन्दा बढी सेवा लाग्ने भएमा स्थानीय पत्रपत्रिकामा सूचना प्रकाशन गरी प्रस्ताव

गरी प्रस्ताव माग गर्न सक्ने व्यवस्था छ । यस कार्यालयले विगतमा कार्यरत अनुभवी कर्मचारी ५ जना नियुक्ति गरी यो वर्ष रु.६ लाख ५४ हजार तलब भत्ता वापत खर्च लेखेको देखिन्छ ।

१० **मोबिलाइजेशन पेश्की** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की भुक्तानी र फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही नियमको उपनियम ५ मा सार्वजनिक निकायले उप नियम १ बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नु पर्ने छ । कार्यालयले आर्थिक वर्षको अन्त्य सम्ममा फछ्र्यौट हुन बाँकी रहेको ७ वटा निर्माण व्यवसायीको मोबिलाइजेशन पेश्की रु.१ करोड ६९ लाख २ हजार तोकिए वमोजिम फछ्र्यौट हनु पर्दछ ।

११ **पूर्वनिर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौतामा तोकिएको म्यादमा कार्य सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति तिर्नु पर्ने व्यवस्था छ । विभागबाट अन्तिम पटक म्याद थप गर्दा अत्तिरिक्त व्ययभार नपर्नेगरी म्याद थप गरेको र सो अवधीमा पनि कार्य सम्पन्न नगरेमा हर्जाना लगाउने, ३० दिनको मात्र हर्जना लगाई म्याद थप गर्ने गरेको सो अवधीमा पनि सम्पन्न नभएमा स्वतः हर्जाना लगाउने गरी शर्त राखी म्याद थप गर्ने गरेको देखियो । म्याद थप गर्दा शर्त राखेकोमा ६ वटा निर्माण व्यवसायीले तोकेको समयमा पनि कार्य सम्पन्न नगरेकोले सम्झौताको शर्त बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा उल्लेख भए अनुसार खरिद सम्झौता उल्लंघन भएमा प्राप्त हुने उपचार गर्नु पर्ने देखिन्छ ।

१२ **धरौटी** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार कार्यालयको धरौटी खातामा गत वर्ष सम्म मौज्दात रहेको रु.३ करोड ४० लाख ७५ हजार मध्ये नामनामेसी नखुलेको रु.८५ लाख ३५ हजार भएकोमा यो वर्ष नाम खुलाई रु.१९ लाख ६३ हजार आम्दानी बाँधेकोले यो वर्ष सम्म रु.६५ लाख ७२ हजार नामनामेसी नखुलेको धरौटी रहेको देखिन्छ । कार्यालयले नियमावलीको व्यवस्था बमोजिम धरौटी नामनामेसी खुलाउने अन्यथा नियमानुसार राजश्व दाखिला गर्नु पर्ने देखिन्छ ।

१३ **गैर सरकारी संस्थाबाट कार्य** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ अनुसार जनचेतना सम्वन्धी तालिम अभिमुखिकरण, सवलिकरण मूल प्रवाहिकरण लगायतका कार्य गैर सरकारी संस्थावाट गराउन सक्ने व्यवस्था छ । तर कार्यालयले भेडेटार स्थित पिकनिक स्पट-१, बौद्ध विहार-१ र नमस्ते झरना निर्माण कार्यको छुट्टाछुट्टै परिमाणको एकमुष्ट लागत अनुमान रु.४७ लाख ५२ हजार तयार गरी एक एशोसिएशनलाई उपभोक्ता समिति मानी सम्झौता गरी कार्य गराई रु.३७ लाख ९६ हजार भुक्तानी गरेकोमा निम्नानुसार देखियो

१३.१ औद्योगिक तथा व्यपारिक प्रतिनिधिको सेवा प्रदान गर्ने उद्देश्य राखी दर्ता भएको गैर सरकारी संस्था एक एशोसिएशन मार्फत निर्माण कार्य गराउनु नियम संगत देखिँदैन ।

१३.२ सम्झौता शर्त बमोजिम खर्चका बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजातहरू उपभोक्ता समिति (लाभग्राहीको समिति) को वैठकबाट अनुमोदन गराई कार्यालयमा भुक्तानीको लागि पेश गर्नु पर्ने शर्त बमोजिम जनसहभागिताबाट व्यहोरिएको श्रम नगद वा जिन्सी समेत कुल खर्चको विवरण पेश गर्नु पर्ने व्यवस्था भएकोमा रु.१७ लाख ८३ हजार ज्याल भुक्तानी र रु.२७ लाख ७३ हजार निर्माण सामग्री खरिदका बिल तथा प्राविधिक मूल्याङ्कन पेश गरेको देखियो ।

## क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय

१ **साठी लाख भन्दा बढीको कार्य** : सार्वजनिक नियमावली, २०६४ को नियम ९७ (१) अनुसार साठी लाख रुपैया सम्म लागत अनुमान भएको कार्य उपभोक्ता समतिबाट गराउन सक्ने व्यवस्था छ । कार्यालयले २०६६/६७ देखि संचालित १६ वटा खानेपानी आयोजनाको लागत अनुमान रु.६० लाख

भन्दा बढी भए तापनि उपभोक्ता समितिबाट गराई यो वर्ष रु.७ करोड १५ लाख ७७ हजार खर्च भएको देखिएकोले नियममा भएको व्यवस्था अनुसार भएको देखिन आएन् ।

२ **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० मा वार्षिक वजेट कार्यान्वयनको तालिका वनाउंदा लागत अनुमान स्वीकृती तथा ठेक्कापट्टा स्वीकृत कार्य प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था भएता पनि कार्यालयबाट प्रेशित ठेक्का बन्दोवस्त सम्बन्धी विवरण अनुसार यो वर्ष कार्यालयले एच. डि.पी. पाइप तथा फिटिङ्ग सम्बन्धी ठेक्का वन्दोवस भएको मध्ये प्रथम चौमासिकमा कुनै पनि ठेक्काहरु वन्दोवस्त भएको छैन दोश्रो चौमासिकमा २ र तेश्रोमा ६ ठेक्काहरु वन्दोवस्त गरेको छ । तोकिएको अवधिभित्र कार्य सम्पन्न गर्ने गरी सालवसाली ठेक्काहरु पूरा गराउनु पर्दछ भनी गत वर्ष नै सुझाउ गरिएको भए तापनि स्थिति यथावत रहेको पाईयो ।

३ **खरिद कार्यमा प्रतिस्पर्धा -** सार्वजनिक खरिद कानुन वमोजिम लागतका खरिद सम्बन्धी कार्य संचालन गर्दा वोलपत्र, शिलवन्दी दरभाउपत्रको माध्यमवाट गराउनु पर्ने र उक्त कार्य गराउँदा पूर्ण प्रतिस्पर्धात्मक रुपमा संचालन गर्नु पर्ने व्यवस्था छ । यो वर्ष ठेक्का व्यवस्था भएका ८ वटाबाट खरिद सम्बन्धी कार्य सन्चालन गरेको मध्ये सबै ठेक्काहरु वोलपत्रको माध्यमवाट गरेको छ । सवै भन्दा वढी वोलपत्र विक्री भएको ठेक्कामा ४ वोलपत्र विक्री भई ४ दाखिला हुँदा उक्त ठेक्का लागत अनुमानको तुलनामा ८.३७ प्रतिशत घटीमा खरिद सम्झौता भएको देखियो । न्यून मात्रामा बोलपत्र विक्री तथा दाखिला १ मात्र भएको ठेक्का खरिद सम्झौता हुँदा लागत अनुमानको तुलनामा ०.०५ प्रतिशत घटी भएकोले खरिद कार्य सन्चालनमा वढी प्रतिस्पर्धा भएको अवस्थामा लागत अनुमानको तुलनामा ८ प्रतिशत सम्मको हाराहारीमा खरिद कार्य हुने र प्रतिस्पर्धा घटी भएको अवस्थामा लागत अनुमानकै हाराहारीमा ठेक्का स्वीकृत भएको अवस्था देखिएकोले प्रतिस्पर्धा वढी हुने अवस्थाको सृजना गराउनु पर्दछ ।

४ **सेवा करार नियुक्ति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा , चिठ्ठी पत्र ओसार पसार , कम्प्यूटर टाइप, ड्राईङ्ग जस्ता दैनिक कार्य संचालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनु परेमा एक लाख रुपैया सम्म शुल्क लाग्ने सेवा वार्ता गरी खरिद गर्न सकिने र सो भन्दा वढी सेवा लाग्ने भएमा स्थानीय पत्र पत्रिकामा सुचना प्रकशन गरी प्रस्ताव माग गर्न सक्ने व्यवस्था छ । तर यस कार्यालयले विगतमा कार्यरत अनुभवी कर्मचारी ६ जना नियुक्ति गरी यो वर्ष रु.९ लाख तलब भत्ता वापत खर्च भएको विवरण पेश हुन आएको छ ।

५ **चौमासिक र आषाढ महिनाको खर्च** : कार्यालयलाई प्रदान गरिएको वार्षिक कार्यक्रम तथा अख्तियारी २०७२।७३ अनुसार प्रथम, दोस्रो तथा तेस्रो तीन वटै चौमासिकमा सञ्चालन गरिने कार्यक्रम/क्रियाकलाप तथा सोका लागि लाग्ने बजेट खर्चको सीमा निर्धारण गरिएकोमा कार्यालयले कुल पुंजीगत वजेट खर्च रु.१४ करोड ६८ लाख २८ हजार मध्ये तेस्रो चौमासिकमा रु.११ करोड ८९ लाख ७५ हजार अर्थात ८१ प्रतिशत र असार महिनामा मात्र कुल पुँजीगत खर्च मध्ये रु.८ करोड १५ लाख ७९ हजार अर्थात ५५.५६ प्रतिशत खर्च गरेको पाइयो । अतः वार्षिक कार्यक्रमले निर्धारित गरे बमोजिम खर्च गर्नु पर्दछ ।

६ **खरिद योजना** : सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार कार्यालयबाट सञ्चालित अधिकांश खानेपानी आयोजनाहरु, गुणस्तर सुधार कार्यक्रम अर्न्तगत सञ्चालित आयोजनाहरुको निर्माण अवधि एक वर्ष भन्दा बढी र वार्षिक विनियोजित बजेत रु.१० करोड भन्दा बढी भएकोमा नियमावलीको उपर्युक्त प्रावधान अनुसार खरिद गुरुयोजना तयार गरेको पाइएन तसर्थ कार्यालयको एकमुष्ट खरिद योजना तयार गरी खरिद कार्यमा अधिक प्रतिस्पर्धाहुने स्थिति सिर्जना गर्नु पर्ने देखिन्छ ।

७ **पुराना योजना** : यस कार्यालय अन्तर्गत सम्भाव्यता अध्ययन भई सञ्चालित अधिकांश आयोजनाहरुको सम्पन्न गर्ने अवधि, कूल लागत तथा वार्षिक लक्ष्य निर्धारण एवं बजेट विनियोजन बीच सामाञ्जस्यता रहेको देखिएन । ५ वर्ष भन्दा अघिदेखि निर्माण शुरु भएका भिरगांउ र खोकु खानेपानी योजनाहरु आर्थिक वर्ष २०७३/७४ मा मात्र सम्पन्न भएका विवरण प्राप्त भएको छ । यसरी विगत वर्षहरु मै सम्पन्न हुनु पर्ने योजना हालै मात्र सम्पन्न हुनाले जनताले समयमै पाउने पर्ने सेवा सुविधा पाउन बाट बन्चित भएको देखियो ।

८ **जिल्ला दररेट** : सार्वजनिका खरिद नियमावली, २०६४ को नियम १४८ मा प्रत्येक जिल्लामा निर्माण सामग्री, ढुवानीको दर रेट तथा कामदारको ज्याला समेत निश्चीत गर्न एक दररेट निर्धारण समिति रहने व्यवस्था रहेको छ । कार्यालयले फिटिङ्ग लगायतका समानहरुको लागत अनुमान तयार गर्दा मोरङ्ग जिल्लाको दररेट निर्धारण समितिबाट तय भएको दरलाई आधार लिई सोमा ढुवानी बापत सामाग्रीको मुल्यमा ३ प्रतिशत थप गरी तयार गरेको र आपुर्तिकर्ताहरुबाट पनि सोही अनुसार बिलमा ढुवानी खर्च दाबी गरेको देखिन्छ । नियम १४८ अनुसार जिल्लामा निर्माण सामग्री, ढुवानी दर रेट तथा कामदारको ज्याला समेत निश्चीत गरेको पाइएन भनी गत विगत वर्ष देखि नै औल्याउदै आएको भए तापनि स्थिति यथावत नै रहेको देखियो ।

९ **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) बमोजिम सार्वजनिक निकायले अनुसूची १ बमोजिमको निर्माण कार्यको लागत अनुमान तयार गर्दा ५ प्रतिशत कन्टेन्जेन्सी समावेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयको यो वर्षको विभिन्न आयोजनाको लागत अनुमानमा समावेश भएको कन्टिजेन्सी रकम स्वीकृत बार्षिक कार्यक्रममा समावेश गरी रु.३८ लाख ६६ हजार खर्च गरेकोमा निम्नानुसार भएको देखिन्छ :

९.१ कन्टिन्जेन्सी खर्च गर्ने सम्वन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-१ मा वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना खर्च २.५ प्रतिशत हुने उल्लेख छ । वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्वन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन साथै यस सम्वन्धमा सम्वन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । अतः कन्टिन्जेन्सीबाट निर्माण संग सम्वन्धित प्रत्यक्ष कार्यमा मात्र खर्च गर्नुपर्दछ ।

९.२ महालेखा नियन्त्रक कार्यालयले २०७१ मा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्वन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरण अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखांकन गर्नुपर्ने रकमहरु जस्तै दैनिक भ्रमण भत्ता, इन्धन खर्च, गाडी, मोटरसाईकल कार्यालय तथा स्टेशनरी छपाई, सूचना प्रकाशन, जस्ता कार्यमा खर्च गरेको रु.५४ लाख ७१ हजार समेत खर्च संकेत नं.२९६११ (सार्वजनिक निर्माण) शीर्षकबाट खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन । त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही उपशीर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको नियमा संगत देखिएन ।

१० **खर्च सार्वजनिक** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समितिबाट भएका कार्यहरुको रनिङ बिल तथा नापी किताव पेश भए पनि उपभोक्ता समितिबाट काम गराइएका विभिन्न आयोजनाको संरचना निर्माण कार्यको हरेक किस्ताको कामको प्राविधिक मुल्याङकन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्नेमा सो गरेको देखिएन । नियमको पालना हुनु पर्दछ ।

११ **निर्माण कार्यको अभिलेख** : सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कार्यालयले उपभोक्ता समितिहरु मार्फत गराएको पाइप लाइन कार्य जस्ता संरचनाहरु निर्माणको कार्य गर्दा सम्बन्धित कार्यको नापी किताब, रनिङ्ग बिल वा अन्तिम बिल कार्य सम्पन्न प्रतिवेदन लगायतका निर्माण अभिलेखाङ्कन गर्ने अभिलेखहरुमा आयोजनाका लोकेशन एवं कार्यालयबाट भएका तथा जनश्रमदान

बाट भएका कार्य खुलाउनु पर्नेमा यस्ता कार्यहरु गर्दा गराउँदा सोको उचित अभिलेखाङ्कन गर्ने व्यवस्था हुनु पर्दछ भनी गत विगत वर्षमै सुझाउ गरिएको भए तापनि स्थिति यथावत छ ।

१२ **भूकम्पबाट प्रभावित योजनाहरु** : भुकम्पबाट ग्रसित खानेपानी तथा सरसफाई संरनाहरुको पुन: स्थापन तथा पून: निर्माण कार्यक्रम अन्तर्गत हिले खानेपानी योजना, भेडेटार खानेपानी योजना, मधुवा खोला खानेपानी योजना, र आहाले खानेपानी योजनाहरुका लगत अनुमान क्रमश: रु.९९ लाख ४ हजार, रु.७९ लाख १३ हजार रु.६५ लाख ३० हजार र रु.५९ लाख रहेकोमा क्रमश: रु.६९ लाख, रु.४२ लाख ३४ हजार, रु.१० लाख ६५ हजार र रु.१७ लाख ७० हजार उपरोक्त अनुसारका योजनाहरुको लागत अनुमान, उपाभोक्ता सँग भएको सम्झौता तथा भुक्तानीमा निम्नानुसार भएको देखिन्छ :

१२.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) को अनुसार साठी लाख रुपैया सम्म मात्र लागत अनुमान भएको कार्य उपभोक्ता समितिबाट गराउन सक्ने व्यवस्था भएकोमा रु.६० लाख भन्दा बढी लागत अनुमान भएका उपरोक्त अनुसारका खोनपानी योजनाको पुन: निर्माण गर्ने कार्य क्रमागत रुपमा समिति मार्फत गराएको पाईयो । कुल लागत साठी लाख रुपौया भन्दा बढी भएमा योजनाहरुको उपभोक्ता सँग टुक्रे सम्झौता गरी काम गराउनु नियम संगत देखिएन ।

१२.२ उपरोक्त अनुसारका योजनाहरुमा तोकिए अनुसार काम सम्पन्न गर्ने गरी उपभोक्ता समुह सँग सम्झौता भएकोमा सम्झौता अनुसार काम सम्पन्न नभए तापनि सम्झौता फर फारक गरेको पाइयो । यसरी सम्झौता फर फारक गर्नाले योजना अलपत्र पर्ने सम्भावना देखिदा सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ ।

१३ **दोस्रो साना शहरी खानेपानी आयोजना** : यस आयोजना सञ्चालन गर्न रु.२४ करोड २९ लाख ४२ हजारको लागत अनुमान तयार गरी निर्माण कार्य गर्न १ सेप्टेम्बर २०१३ मा एक जे.भीसँग रु.२२ करोड ९७ लाख ८९ हजार मा खानेपानी तथा ढल निकास बिभागले सम्झौता गरेकोमा यो आर्थिक वर्ष रु.१७ करोड ५९ लाख ५२ हजार भुक्तानी रु.२२ कराड ८७ लाख ११ हजार भुक्तानी भएको देखियो । यस योजनामा देखिएका अन्य व्यहोरा निम्नानुसार छन्:

**१३.१** निर्माण व्यवसायी एक जे.भी.सँग भएको सम्झौता अनुसार पहिलो चरणको कार्य मार्च १ -२०१५ सम्म र दोस्रो चरणको काम मार्च १ २०१६ सम्ममा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा पहिलो चरणको कामको म्याद सेप्टेम्बर ३०-२०१५ सम्म थप भई दोस्रो चरणको काम शुरु भएको छ । पहिलो चरणको कामको म्याद थपको आधारमा दोस्रो चरणको काम सेप्टेम्बर ३० -२०१६ सम्ममा सम्पन्न भई सक्नुपर्ने देखिन्छ । हालसम्म सो काम सम्पन्न भयो भएन यकिन हुन आएन ।

**१३.२** सार्बजनिक लेखा समितिको २०६९।१।८ को निर्णय अनुसार सवारी साधन र अन्य कुराहरु लागत इस्टिमेटमा समाबेश गर्न नपाइने निर्देशन गरेकोमा आयोजनाको लागि लागत इस्टिमेट तयार गर्दा उपर्युक्त व्यबस्थाको पालना नगरी सवारी साधनहरु समेत लागत इस्टिमेटमा राखि भुक्तानी दिएको छ । निर्माण खरिद कार्यमा निर्माणसंग असम्बन्धित खर्च समाबेश गर्न नमिल्ने व्यबस्थाको पालना नगरी निर्माण खरिद लागत बढाउने गरी भुक्तानी भएका देखियो । अत: निर्माण सँग असम्बन्धित खर्च राखी लागत वृद्धी गर्ने तर्फ नियन्त्रण हुनु पर्ने भनी गत वर्ष नै सुझाउ गरिए तापनि यो वर्ष पनि सवारी साधन ईन्धनमा रु.३० हजार र गाडी भाडा ड्राईभर समेत रु.६० हजार भुक्तानी भएको पाइयो ।

१४ **पाईप विवरण** : गत वर्षको जिम्मेवारी र यस वर्षको बाँकी गरी जम्मा १४४२७५ मी. पाइप भएकोमा विभिन्न आयोजनामा १५३३९४ मी. पाईप वितरण भएको देखिएको छ । यसरी मौज्दात भन्दा बढी ९११९ मी. पाइप आयोजनामा खर्च भएको देखिदा मौज्दात भन्दा बढी कसरी खर्च भएको हो स्पष्ट हुन नआएकोले पाइप सम्बन्धी विवरण यथार्थपरक छ भन्न सक्ने अवस्था भएन ।

बढी परिमाणमा देखाइएका पाइपहरु कुन श्रोतबाट कसरी आपूर्ति भएको हो । यस सम्बन्धमा आवस्यक छानविन गरी पाइपको आम्दानी खर्चको हिसाब यथार्थपरक हुनु पर्ने देखिन्छ ।

१५ **धरौटी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८(१) बमोजिम प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोवारको लेखा अनुसूची ११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था भएकोमा व्यक्तिगत धरौटी खाता पेश नभएकोले परीक्षण गर्न सकिएन ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्लास्थित ५५ कार्यालयमध्ये ४८ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ । आन्तरिक लेखापरिक्षण प्रतिवेदनअनुसार ३० कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका २४ मध्ये निम्न ७ कार्यालयको रु. २,३२,४४,०००।- बेरुजू बाँकी देखिएको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १ | चिया विस्तार योजना | | एक प्रा.लि.ले तिर्नुपर्ने वक्यौता रु.१२,९१०।- असूल गरेको चिया तथा कफी विकास वोर्डको खातामा ट्रान्सफर नभएको | सैद्धान्तिक |
| | | | हरियो चिया खरिद गरे वापत कार्यालयलाई भुक्तानी गर्नुपर्ने रु.८४,७२६।- | सैद्धान्तिक |
| | | | एक व्यक्तिको नाममा रहेको वक्यौता रकम रु.१२,५००।- असूल हुन वांकी रहेको देखियो । | सैद्धान्तिक |
| २ | जिल्ला प्राविधिक कार्यालय | ३६५८०६४ | मोविलाईजेशन-पेश्की एक प्रा.ली | १४८९०,०००।- |
| | | | मूल्य अभिबृद्धि कर कार्यालयलाई जानकारी नदिएको | सैद्धान्तिक |
| | | ३६५८४१४ | मोविलाईजेशन-पेश्की दुई निर्माण व्यवसायी | ७८,५४,०००।- |
| ३ | डिभिजन शहकारी कार्यालय | ३५२१३४३ | साधारण सभा नगरेको सहकारी पूर्ण निस्क्रिय ६५ संस्थालाई जरिवान वा खारेजीको करवाही नगरेको | सैद्धान्तिक |
| ४ | राष्ट्रिय व्यवसायिक कृषि अनुसन्धान कार्यक्रम | ३१२१३६३/ ६४ | १५ दिनभित्र स्वीकृत कार्यक्रम बजेटसाथ अख्तियारी प्राप्त नभएको | सैद्धान्तिक |
| | | | निर्माण कार्यका कार्य सम्पादन जमानतको अवधि त्रुटी सच्याउने अवधिभन्दा १ महिना पछिसम्म रहनु पर्नेमा मान्य अवधि १ वर्षको मात्र भएको | सैद्धान्तिक |
| | | | तलवी प्रतिवेदन नेपाल कृषि अनुसन्धान परिषद् केन्द्रिय कार्यालयबाट पारित गराउनु पर्नेमा नगराई रु.२३,४२,०२४।- तलब खर्च लेखेको | सैद्धान्तिक |
| | | | अन्य पूंजिगत लेखा शीर्षक थप हुदै गएमा सो अनुसार सम्पत्ति शीर्षक समेत क्रमश: कायम गर्दै जानुपर्ने । | सैद्धान्तिक |
| | | | फार्मको उत्पादन विक्री वाट प्राप्त आम्दानी रकम मध्ये केही रकम ३ दिन भित्र पनि वैक दाखिला भएको पाइएन । | सैद्धान्तिक |
| **५** | राष्ट्रिय सुन्तलाजात | ३१२१३६३/ ६४ | केन्द्रिय कार्यालयबाट १५ दिनभित्र स्वीकृत कार्यक्रम बजेटसाथ अख्तियारी प्राप्त नभएको | सैद्धान्तिक |

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| | अनुसन्धान कार्यक्रम | | निर्माण कार्यका कार्यसम्पादन जमानतको अवधि त्रुटी सच्याउने अवधिभन्दा १ महिना पछिसम्म रहनु पर्नेमो मान्य अवधि १ वर्षको मात्र भएको | सैद्धान्तिक |
| | | | तलवी प्रतिवेदन नेपाल कृषि अनुसन्धान परिषद् केन्द्रिय कार्यालयबाट पारित गराउनु पर्नेमा नगराई रु.५९,४०,०९९।- तलब खर्च लेखेको | सैद्धान्तिक |
| | | | अन्य पूँजीगत लेखा शीर्षक थपहुदै गएमा सो अनुसार सम्पत्ति शिर्षक समेत कमस कायम गर्दै जानुपर्ने । | सैद्धान्तिक |
| | | | आम्दानी रकम मध्ये केही रकम ३ दिन भित्र पनि वैक दाखिला भएको पाइएन । | सैद्धान्तिक |
| | | | बिरुवाहरुको मूल्याकिंत रकम रु.२,५७,५९०।०० फार्म उत्पादन स्टकको रुपमा रहेको पाइयो । | सैद्धान्तिक |
| ६ | रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र | | भ्रमण प्रतिवेदन वेगर पेश्की फछ्र्यौट गर्ने नगरेको | सैद्धान्तिक |
| | | | सवारी साधन प्रयोग कर्ताले सवारी लगवुकमा प्रयोजन खुलाई दस्तखत गराई अनिवार्य रुपमा सवारी लगवुक व्यवस्थापन गर्नु पर्ने | सैद्धान्तिक |
| ७ | क्षेत्रीय संग्रहालय | ३२५१११३ | एक गुणी सस्थालाई दिएको पेश्की फछ्र्यौट नभएको रु. | २०००००।- |
| | | ३२५०१८३ | जातिय संग्रहालयलाई दिएको पेश्की फछ्र्यौट नभएको रु. | ३०००००।- |
| | | | **जम्मा** | २,३२,४४,०००।- |

**(विष्णुप्रसाद रिजाल)**
**नायब महालेखापरीक्षक**

अनुसूची १

लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधिः विस्तृत** (रु लाखमा)

| क्र. स. | कार्यालयको नाम | विनियोजन /निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ७५० | ० | ३१ | ० | ७८१ |
| २ | लोक सेवा आयोग क्षे. कार्यालय | २४२ | ६६ | २ | ० | ३१० |
| ३ | पुनरावदन सरकारी वकिल कार्यालय | ५८ | ० | ० | ० | ५८ |
| ४ | जिल्ला सरकारी वकिल कार्यालय | १२४ | ० | ४ | ० | १२८ |
| ५ | ईलाका प्रहरी कार्यालय, छिन्ताङ | १५४ | ० | ० | ० | १५४ |
| ६ | उत्तरपानी प्राविधिक शिक्षालय | ० | ० | ० | ४०९ | ४०९ |
| ७ | कारागार कार्यालय | ४९ | ० | २ | ० | ५१ |
| ८ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ८० | ० | १ | ३ | ८४ |
| ९ | कृषि अनुसन्धान केन्द्र पाखिवास | ० | ० | २६ | ६९८ | ७२४ |
| १० | घरेलु तथा साना उद्योग विकास समिति | ११४ | १९ | १२ | ० | १४५ |
| ११ | जल उत्पन्न प्रकोप नियन्त्रण डि.का. | ३८२ | ० | १६ | ० | ३९८ |
| १२ | जिल्ला कृषि विकास कार्यालय | ४६६ | ३ | ५ | १ | ४७५ |
| १३ | जिल्ला प्रशासन कार्यालय | १४७ | २२६ | १२ | २२२ | ६०७ |
| १४ | जिल्ला प्रहरी कार्यालय | ९९३ | ३९ | २५ | ४० | १०९७ |
| १५ | जिल्ला विकास समिति | ० | ० | ० | ९३१४ | ९३१४ |
| १६ | जिल्ला भू-संरक्षण कार्यालय | १०९ | ० | ० | ० | १०९ |
| १७ | जिल्ला शिक्षा कार्यालय | ६८३२ | ६३ | ० | ११ | ६९०६ |
| १८ | जिल्ला स्वास्थ्य कार्यालय | १०१२ | २ | ९ | ० | १०२३ |
| १९ | डिभिजन सडक कार्यालय | १२६९ | १९ | ३२७ | ११३५ | २७५० |
| २० | धनकुटा वहुमुखी क्याम्पस | ० | ० | ० | ५०० | ५०० |
| २१ | पूर्वान्चल क्षेत्रीय स्वस्थ्य तालिम केन्द्र | १७० | १ | ० | ० | १७१ |
| २२ | पूर्वान्चल क्षेत्रीय स्वस्थ्य निर्देशनालय | ४६० | ५ | ९ | ४० | ५१४ |
| २३ | फि.ए. गुल्म २ नं. | १४१ | ५ | १ | ० | १४७ |
| २४ | वाहीनी अड्डा नं.२ | ९०६ | ० | १३ | ० | ९१९ |
| २५ | मालपोत कार्यालय | ८७ | १२८ | १६ | २२८ | ४५९ |
| २६ | श्री मेहर गण | १९५५ | १ | १३ | ० | १९६९ |
| २७ | राष्ट्रिय अनुसन्धान कार्यालय | ५२ | ० | ० | ० | ५२ |
| २८ | सिंचाइ बिकास डिभिजन | ६५७ | १ | ११६ | ० | ७७४ |
| २९ | सशस्त्र प्रहरी बल छिन्ताङ गुल्म | ६८३ | ० | ३ | ० | ६८६ |
| ३० | शहरी विकास तथा भवन निर्माण | १२५० | २३ | ३९३ | ० | १६६६ |
| ३१ | क्षेत्रीय अनुगमा तथा सरसफाई डिभिजन कार्यालय | १६१५ | १ | १५६ | ९ | १७८१ |
| | जम्मा | २०७५७ | ६०२ | ११९२ | १२६१० | ३५१६१ |

**लेखापरीक्षण विधि: आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** (रु लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | पुनरावेदन अदालत | ३०० | २ | ९ | ० | ३११ |
| २ | जिल्ला अदालत | १६७ | ९ | ५२ | ० | २२८ |
| ३ | ईलाका प्रशासन कार्यालय,राजारानी | ८ | २ | ० | ० | १० |
| ४ | इलाका प्रहरी कार्यालय,राजारानी | १९८ | ० | ० | ० | १९८ |
| ५ | करदाता सेवा कार्यालय | ३५ | ११२४ | ० | ० | ११५९ |
| ६ | कोशी अन्चल आयुर्वेद औषधालय | ४९ | ० | १ | २ | ५२ |
| ७ | जिल्ला निर्वाचन कार्यालय | ३९ | ० | ० | ० | ३९ |
| ८ | जिल्ला पशुसेवा कार्यालय | ३२० | १ | १ | १० | ३३२ |
| ९ | जिल्ला प्राविधिक कार्यालय | ९१३ | १८ | ८७ | ० | १०१८ |
| १० | जिल्ला वन कार्यालय | ३६६ | १५५ | १० | १५३ | ६८४ |
| ११ | जिल्ला हुलाक कार्यालय | ३५५ | ७ | ० | ५५६ | ९१८ |
| १२ | डिभिजन सहकारी कार्यालय | ५७ | १ | ० | ० | ५८ |
| १३ | तथ्यांक कार्यालय | ४७ | ० | ० | ० | ४७ |
| १४ | नापी कार्यालय | ५९ | १९ | ० | ० | ७८ |
| १५ | पूर्वी पृतना हवाई सुरक्षा व्यट्री | ६०९ | ० | ५ | ० | ६१४ |
| १६ | महिला तथा बालबालिका विकास कार्यालय | १२६ | ० | ० | ६ | १३२ |
| १७ | राष्ट्रिय चिया तथा कफी जिकास वोर्ड | ३० | ० | ० | ० | ३० |
| १८ | राष्ट्रिय व्यवसायिक अनुसन्धान कार्यक्रम | १०१ | ० | ० | ० | १०१ |
| १९ | राष्ट्रिय सुन्तला जात अनुसन्धान कार्यक्रम | ३१२ | ० | ० | ० | ३१२ |
| २० | रेडियो नेपाल क्षेत्रीय प्रशारण | ११३ | ० | ० | ० | ११३ |
| २१ | रेशम विकास कार्यक्रम | ५४ | ० | १ | ० | ५५ |
| २२ | क्षेत्रीय प्रशासन | २१४ | ० | ० | ७ | २२१ |
| २३ | क्षेत्रीय संग्रहालय | ६५ | ० | ० | ० | ६५ |
| २४ | क्षेत्रीय शिक्षा निर्देशनालय | २१५ | ८८ | ० | ० | ३०३ |
| | **जम्मा** | ४७५२ | १४२६ | १६६ | ७३४ | ७०७८ |
| | **कूल जम्मा** | **२५५०९** | **२०२८** | **१३५८** | **१३३४४** | **४२२३९** |

अनुसूची २

# बेरुजूको स्थिति

(रु हजारमा)

| क.स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| १ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | २ | २०५ | १ | ० | १ | ० | ० | २०५ | २०५ | ० | | ० |
| २ | लोक सेवा आयोग क्षे. कार्यालय | ५ | २२२ | ४ | ० | १ | ० | २२२ | ० | २२२ | ० | | ० |
| ३ | पुनरावदन सरकारी वकिल कार्यालय | २ | ११७ | १ | ० | १ | ११७ | ० | ० | ११७ | ० | - | ० |
| ४ | जिल्ला सरकारी वकिल कार्यालय | ३ | ७६ | २ | ० | १ | ७६ | ० | ० | ७६ | ० | - | ० |
| ५ | उत्तरपानी प्राविधिक शिक्षालय | १५ | २८२१ | ६ | २५० | ९ | २०४ | २३६७ | ० | २५७१ | ० | - | ० |
| ६ | कृषि अनुसन्धान केन्द्र | ११ | ० | ९ | ० | २ | ० | ० | ० | ० | ० | - | ० |
| ७ | घरेलु तथा साना उद्योग विकास समिति | ६ | १०९ | ५ | ० | १ | ० | १०९ | ० | १०९ | ० | | ० |
| ८ | जल उत्पन्न प्रकोप नियन्त्रण डि.का. | ९ | १५ | ४ | ० | ५ | १५ | ० | ० | १५ | ० | | ० |
| ९ | जिल्लाकृषि विकास कार्यालय | १० | ४६८ | ३ | ० | ७ | १२६ | ३२७ | १५ | ४६८ | ० | - | ० |
| १० | जिल्ला प्रहरी कार्यालय | ५ | ० | ४ | ० | १ | ० | ० | ० | ० | २० | | २० |
| ११ | जिल्ला विकास समिति | ५० | २४६०९ | १० | ० | ४० | १३९९ | १५८१६ | ७३९४ | २४६०९ | ० | - | ० |
| १२ | जिल्ला भू-संरक्षण कार्यालय | ४ | ० | २ | ० | २ | ० | ० | ० | ० | ० | | ० |
| १३ | जिल्ला शिक्षा कार्यालय | १० | ७३६१८ | ५ | ० | ५ | ० | ७३६१८ | ० | ७३६१८ | ० | - | ० |
| १४ | जिल्ला स्वास्थ्य कार्यालय | १८ | १०२० | ११ | ० | ७ | ० | १०२० | ० | १०२० | ० | - | ० |
| १५ | डिभिजन सडक कार्यालय | १६ | २६३८९ | ५ | ० | ११ | ६ | १८३ | २६२०० | २६३८९ | ० | | ० |
| १६ | धनकुटा वहुमुखी क्याम्पस | ११ | ५१४ | १ | ० | १० | ३ | ५११ | ० | ५१४ | ० | - | ० |
| १७ | पूर्वान्चल क्षेत्रीय स्वस्थ्य तालिम | १४ | ११०६ | ६ | ० | ८ | ३०६ | ४८७ | ३१३ | ११०६ | ५१० | - | ५१० |
| १८ | पूर्वान्चल क्षेत्रीय स्वस्थ्य निर्देशनालय | १२ | ० | ७ | ० | ५ | ० | ० | ० | ० | ० | - | ० |
| १९ | मालपोत कार्यालय | ५ | २ | १ | ० | ४ | २ | ० | ० | २ | ५ | | ५ |
| २० | सिंचाइ बिकास डिभिजन | १६ | १७२७ | ६ | ० | १० | | ० | १७२७ | १७२७ | ० | | ० |
| २१ | शहरी विकास तथा भवन निर्माण | १६ | १७०२३ | ३ | ० | १३ | ० | १२१ | १६९०२ | १७०२३ | ० | | ० |
| २२ | क्षेत्रीय अनुगमन तथा सरसफाई डिभिजन कार्यालय | २४ | ० | ९ | ० | १५ | ० | ० | ० | ० | ३४ | | ३४ |
| २३ | चिया विस्तार योजना | ३ | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | | ० |
| २४ | जिल्ला प्राविधिक कार्यालय | ३ | २२७४४ | ० | ० | ३ | ० | ० | २२७४४ | २२७४४ | ० | | ० |
| २५ | डिभिजन सहकारी कार्यालय | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | | ० |
| २६ | रार्ष्ट्रिय व्यवसायिक कृषि अनुसन्धान का. | ५ | ० | ० | ० | ५ | ० | ० | ० | ० | ० | | ० |

| क.स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| २७ | राष्ट्रिय सुन्तला जात कृषि अनुसन्धान का. | ६ | ० | ० | ० | ६ | ० | ० | ० | ० | ० | | ० |
| २८ | रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र | २ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | | ० |
| २९ | क्षेत्रीय संग्रहालय | २ | ५०० | ० | ० | २ | ० | ० | ५०० | ५०० | ० | | ० |
| | **जम्मा** | **२८६** | **१७३२८५** | **१०५** | **२५०** | **१८१** | **२२५४** | **९४७८१** | **७६०००** | **१७३०३५** | **५६९** | | **५६९** |

**द्रष्टव्य** : • *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ।*

• *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ।*

# जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

| आय | | व्यय | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी:** | **३३०८७८०३.३३** | **वजेट खर्च :** | **१०५२७०१३०.००** |
| मर्मत संभार कोष | २२७२८३२.१७ | जि.वि.स. अनुदान (चालु) | ३८६८२१३०.०० |
| सामुदायिक विकास रेडियो कार्यक्रम | २८६८६.८७ | गा.वि.स. अनुदान (चालु) | ६६५८८०००.०० |
| मानव संसाधन विकास | ८७८९९१.०० | **अन्य खर्च:** | **१०६५४४९२२.८८** |
| कर्मचारी कल्याण कोष | ३१३३९६.२७ | राजश्व बांडफांड आम्दानी खाता | ६६७७६३३.०० |
| कन्टिजेन्सी खाता | १५६०७८.९४ | राजश्व बांडफांड   खर्च | ६३६६०१९.०० |
| सडक वोर्ड कार्यक्रम | ४२१२९०.४० | आन्तरिक खर्च खाता | १२६८६०९४.४४ |
| राजस्व बाँडफाड आय | १८६८०४१.५२ | आन्तरिक आम्दानी आय | १४१४७८३६.८५ |
| राजस्व बाँडफाड खर्च | ०.०० | उर्जा तथा वातावरण खाता | ६१४३६०.०० |
| जि.बि.स.आन्तरिक कोष आय | ५१५०८२३.७१ | कर्मचारी कल्याण कोष | १८०६९८०.०० |
| जि.बि.स.आन्तरिक कोष खर्च खाता | १६२३०१.३० | मानव संसाधन कोष | २३१४७५.०० |
| दलित , उपेक्षित उत्थान कार्यक्रम | ३८०८७.५१ | मर्मत संभार कोष | १९४४४८१.०० |
| वैदेशिक स्रोत गा। ४। ५।१ | २३०७०००.०० | प्रकोप व्यवस्थापन कोष | ६८०००.०० |
| भारतिय दुतावास खाता | ६३२४२७.५८ | महिला तथा बाल विकास कोष खाता | ४३४४८२३.०० |
| आदिवासी जनजाति विकास कार्यक्रम | १२४४२०.०५ | सिमेन साझेदारी | ०.०० |
| उर्जा  तथा वातावरण कार्यक्रम | २३२८५०.७९ | गरिवी निवारण तथा सा.प. कोष | ०.०० |
| वातावरण विकास कोष | ७८६०.६० | वैदेशिक स्रोत खाता | ३३२५९२८४.०० |
| प्रकोप व्यवस्थापन कोष | ६९२४५०.०० | भारतीय राजदुतावास सहयोग कार्यक्रम | ५२८७७५७.०० |
| जि.वि.स.धरौटी | १२७८६६१०.९८ | गैर सरकारी संस्था | ०.०० |
| महिलातथा वालविकास कार्यक्रम कोष | २१७५७७.८० | धरौटी | १४११९८८३.५९ |
| गरीवी निवारण तथा सामाजिक परिचालन कोष | २५००००.०० | जिल्ला सुचना केन्द्र | ०.०० |
| निर्वाचन क्षेत्र विकास कार्यक्रम खाता | ४१३१८.७० | सामुदायिक विकास रेडियो कार्यक्रम | ३९६७२०.०० |
| स्थानीय विकास कोष खाता | ४२३५६३६.८६ | कन्टिजेन्सी | ६५४३८५.०० |
| जिल्ला प्राविधिक कार्यालय धरौटी | ९०५१५.०० | सडक बोर्ड नेपाल | २६००८०३.०० |
| विकास अनुदान गत विगत | ६१२१.०८ | उपेक्षित उत्पिडित दलित कार्यक्रम | ५२६९९५.०० |
| वैंक वढि गत विगत | १७२४८४.२० | आदिवासी जनजाती विकास कार्यक्रम | ८११३९३.०० |
| | | स्थानीय विकास कोष खाता | ०.०० |
| | | **जम्मा** | **१०६५४४९२२.८८** |
| गत वर्षको जम्मा | **३३०८७८०३.३३** | | |
| **नेपाल सरकारको अनुदान** | १०५२७०१३०.०० | **मौज्दात:** | **५३४८२५७८.१६** |
| जि.वि.स. अनुदान (चालु) | ३८६८२१३०.०० | क) बैंक मौज्दात | |
| गा.वि.स. अनुदान (चालु) | ६६५८८०००.०० | मर्मत संभार कोष | २७६९८५१.१७ |
| **आन्तरिक श्रोत:** | **१३४३६५११.७७** | सामुदायिक विकास रेडियो कार्यक्रम | ८१९६६.८७ |
| क) कर दस्तुर सेवा शुल्क र भाडा | १२४८७०५९.८५ | मानव संसाधन विकास | ६९७५१६.०० |
| ख )गा.वि.स.बाट प्राप्त मालपोत | ९४९४५१.९२ | कर्मचारी कल्याण कोष | ३६८७६४.२७ |
| ग) अन्य (कन्टिजेन्सी, धरौटी जफत, पे.फ. ) | ०.०० | कन्टिजेन्सी खाता | १३७३३२.९४ |
| **अन्य श्रोत:** | **११३५०३१८५.९४** | सडक वोर्ड कार्यक्रम | २३९१४०.४० |
| मर्मत संभार कोष | २४४१५००.०० | राजस्व बाँडफाड आय | ९३१३३.५२ |
| सामुदायिक विकास रेडियो कार्यक्रम | ४५००००.०० | राजस्व बाँडफाड खर्च | ३११६१४.०० |
| मानव संसाधन विकास | ५००००.०० | जि.बि.स.आन्तरिक कोष आय | ५६०७४३५.८३ |
| कर्मचारी कल्याण कोष | १८६२३४८.०० | जि.बि.स.आन्तरिक कोष खर्च खाता | ९७६२०६.८६ |
| कन्टिजेन्सी खाता | ६३५६३९.०० | दलित , उपेक्षित उत्थान कार्यक्रम | १७३३४२.५१ |
| सडक वोर्ड कार्यक्रम | २४१८६५३.०० | वैदेशिक स्रोत गा। ४। ५।१ | २०६७२०५४.०० |
| राजस्व बाँडफाड आय | ४९०२७२५.०० | भारतिय दुतावास खाता | १२६०७.५८ |
| राजस्व बाँडफाड खर्च | ६६७७६३३.०० | आदिवासी जनजाति विकास कार्यक्रम | १३८०२७.०५ |

| आय | | व्यय | |
|---|---|---|---|
| जि.बि.स.आन्तरिक कोष आय | ११६७९३७.२० | उर्जा  तथा वातावरण कार्यक्रम | ३८१८०१.७९ |
| जि.बि.स.आन्तरिक कोष खर्च खाता | १३५००००००.०० | वातावरण विकास कोष | ५७८६०.६० |
| दलित , उपेक्षित उत्थान कार्यक्रम | ६६२२५०.०० | प्रकोप व्यवस्थापन कोष | १६९११५०.०० |
| वैदेशिक स्रोत ग। ४। ५।१ | ५१६२४३३८.०० | जि.वि.स.धरौटी | १३५३९७०५.९८ |
| भारतिय दुतावास खाता | ४६६७९३७.०० | महिलातथा वालविकास कार्यक्रम कोष | ४३६७५४.८० |
| आदिवासी जनजाति विकास कार्यक्रम | ८२५०००.०० | गरीवी निवारण तथा सामाजिक परिचालन कोष | ३०००००.०० |
| उर्जा  तथा वातावरण कार्यक्रम | ७६३३११.०० | निर्वाचन क्षेत्र विकास कार्यकम खाता | ४१३१८.७० |
| वातावरण विकास कोष | ५००००.०० | स्थानीय विकास कोष खाता | ४२८५६३६.८६ |
| | | वैंक वढि भएको रकम | ३७२७२०.३५ |
| प्रकोप व्यवस्थापन कोष | १०६६७००.०० | विकास अनुदान गत विगत | ६१२१.०८ |
| जि.वि.स.धरौटी | १४८७२९७८.५९ | जिल्ला प्राविधिक कार्यालय धरौटी | ९०५१५.०० |
| महिलातथा वालविकास कार्यक्रम कोष | ४५६४०००.०० | | |
| गरीवी निवारण तथा सामाजिक परिचालन कोष | ५००००.०० | | |
| निर्वाचन क्षेत्र विकास कार्यक्रम खाता | ०.०० | | |
| स्थानीय विकास कोष खाता | ५००००.०० | | |
| वैंक वढि भएको रकम | २००२३६.१५ | | |
| **जम्मा** | ११३५०३१८५.९४ | | |
| **आन्तरिक तर्फको जम्मा** | **२६५२९७६३१.०४** | **आन्तरिक तर्फको जम्मा** | |
| **केन्द्रय अनुदान तर्फ** | **२२५५५०२२८.००** | **केन्द्रय अनुदान तर्फ** | |
| स्थानीय शासन तथा सामुदायिक विकास कार्यकम | १४५५१०००.०० | स्थानीय शासन तथा सामुदायिक विकास कार्यकम | १४५५१०००.०० |
| स्थानीय यातायात तथा पुर्वाधार श्रेत्रगत कार्यकम | १४७५०५६६.०० | स्थानीय यातायात तथा पुर्वाधार श्रेत्रगत कार्यकम | १४७५०५६६.०० |
| ग्रामिण खानेपानी तथा सरसफाई कार्यकम चालु | २४०००००.०० | ग्रामिण खानेपानी तथा सरसफाई कार्यकम | २४०००००.०० |
| ग्रामिण खानेपानी तथा सरसफाई कार्यकम पुजिगत | ५८२२१३५.०० | ग्रामिण खानेपानी तथा सरसफाई कार्यकम | ५८२२१३५.०० |
| साना सिंचाई तथा अन्य पुर्वाधार विकास कार्यकम | ५४६०२२९.०० | साना सिंचाई तथा अन्य पुर्वाधार विकास कार्यकम | ५४६०२२९.०० |
| झोलंगेपुल क्षेत्रगत कार्यकम | १०३१९०६५.०० | झोलंगेपुल क्षेत्रगत कार्यकम | १०३१९०६५.०० |
| उपेक्षित उत्पिडित दलित वर्ग कार्यकम | २७५०००.०० | उपेक्षित उत्पिडित दलित वर्ग कार्यकम | २७५०००.०० |
| रोयल्टि व्यवस्थापन तथा वितरण | २२५०००.०० | रोयल्टि व्यवस्थापन तथा वितरण | २२५०००.०० |
| स्थानीय निकाय वित्तिय आयोग | २३९३००.०० | स्थानीय निकाय वित्तिय आयोग | २३९३००.०० |
| वौद्ध दर्शन प्रवर्धन तथा गुम्वा विकास समिति | २०००००.०० | वौद्ध दर्शन प्रवर्धन तथा गुम्वा विकास समिति | २०००००.०० |
| गरिवसंग विशेश्वर कार्यकम | १८३५०००.०० | गरिवसंग विशेश्वर कार्यकम | १८३५०००.०० |
| सामाजिक सुरक्षा कार्यकम | ८९८८८४१३.०० | सामाजिक सुरक्षा कार्यकम | ८९८८८४१३.०० |
| स्थानीय शान्ती समिति | ६१०४००.०० | स्थानीय शान्ती समिति | ६१०४००.०० |
| संस्कृती प्रवर्द्धन | २६०६०००.०० | संस्कृती प्रवर्द्धन कार्यकम | २६०६०००.०० |
| राष्ट्रिय विकास स्वयं सेवक | १५७२००.०० | राष्टिय विकास स्वयं सेवक सेवा | १५७२००.०० |
| निर्वाचन क्षेत्र विकास कार्यकम | ४२८५८९४७.०० | निर्वाचन क्षेत्र विकास कार्यकम | ४२८५८९४७.०० |
| आर्थिक केन्द्र जोडने सडक | ११२०१९७३.०० | आर्थिक केन्दै जोडने सडक | ११२०१९७३.०० |
| स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुच सुधार परियोजना | २२१५००००.०० | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुच सुधार परियोजना | २२१५००००.०० |
| **केन्द्रिय अनुदानको जम्मा** | २२५५५०२२८.०० | **केन्द्रिय अनुदानको जम्मा** | २२५५५०२२८.०० |
| **कूल जम्मा** | **४९०८४७८५९.००** | **कूल जम्मा** | **४९०८४७८५९.००** |

**जिम्मेवार पदाधिकारीहरुको नामावली**

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | घरेलु तथा साना उद्योग विकास समिति | श्री नरेश प्रसाद गौतम, श्री दिपक पौडेल | श्री दिपेन्द्र अधिकारी |
| २ | जिल्ला विकास समिति | श्री गणेश प्रसाद दाहाल | श्री सुशील बास्तोला |
| ३ | जिल्ला शिक्षा कार्यालय | श्री कृष्ण प्रसाद पोखेल | श्री कुल प्रसाद गुरागाई |
| ४ | धनकुटा वहुमुखी क्याम्पस | श्री निरन्जन वस्ती | श्री राम हरि श्रेष्ठ |
| ५ | उत्तरपानी प्राविधिक शिक्षालय | श्री राम नारायण यादव र डा. उत्तिम साह | श्री नारायण भण्डारी |
| ६ | जिल्ला स्वास्थ्य कार्यालय | डा. प्रभु साह, डा. मदन कुमार उपाध्याय | श्री केशव नाथ रेग्मी |
| ७ | क्षेत्रीय स्वस्थ्य निर्देशनालय | श्री झलक शर्मा पौडेल, डा. महेश खनाल | श्री रण वहादुर पौडेल, परशुराम राउत |
| ८ | क्षेत्रीय स्वस्थ्य तालिम | श्री रोहित कुमार पाण्डे | श्री भगवान भट्टराई |
| ९ | जिल्ला सरकारी वकिल कार्यालय | श्री हिमालय कुमार त्रिताल,अविकेशर कट्टेल | श्री कुवेर प्रसाद घिमिरे |
| १० | पुनरावदन सरकारी वकिल कार्यालय | श्री मुकुन्द प्रसाद अधिकारी, हिमालय कुमार त्रिताल | श्री कुवेर प्रसाद घिमिरे |
| ११ | कृषि अनुसन्धान केन्द्र पाखिवास | मो. अनिसुर रहमान अन्सारी | श्री खगेन्द्र प्रसाद निरौला |
| १२ | कृषि विकास कार्यालय | श्री लक्ष्मी प्रसाद खरेल | श्री जानुका सुवेदी |
| १३ | जिल्ला प्रहरी कार्यालय | श्री विभूति राज पाण्डे | श्री मोहन वहादुर कार्की |
| १४ | जिल्ला भू-संरक्षण कार्यालय | श्री हरि वहादुर कुंवर, किशोर कुमार कार्की | श्री रोमिला कार्की |
| १५ | डिभिजन सडक कार्यालय | श्री ईश्वर बहादुर रिजाल | श्री टोलेन्द्र कार्की |
| १६ | सिंचाइ बिकास डिभिजन | श्री घनश्याम कार्की | श्री गुरु प्रसाद दाहाल |
| १७ | जल उत्पन्न प्रकोप नियन्त्रण डि.का. | श्री सुरेन्द्र प्रसाद चौधरी | श्री ढकराज कटुवाल |
| १८ | शहरी विकास तथा भवन निर्माण | श्री दिगम्वर ठाकुर | श्री त्रिभुवन भगत श्रेष्ठ |
| १९ | क्षेत्रीय अनुगमा तथा सरसफाई डिभिजन कार्यालय | श्री शंकर प्रसाद जयसवाल | श्री दुर्गा प्रसाद घिमिर |
| २० | मालपोत कार्यालय | श्री नविन किशोर अधिकारी | श्री दिपक प्रसाद न्यौपान |
| २१ | लोक सेवा आयोग क्षे. कार्यालय | श्री पशुपतिनाथ आचार्य | श्री योगेन्द्र प्रसाद पौडेल |
| २२ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | श्री डुल्लुराज वस्नेत र रविन्द्र प्र.शर्मा | श्री हेम चन्द्र कार्की |
| २३ | राष्ट्रिय चिया तथा कफी जिकास वोर्ड | श्री केन्द्र कुमार लिम्बु | श्री बसन्तकुमार राजभण्डारी |
| २४ | राष्ट्रिय सुन्तला जात अनुसन्धान कार्यक्रम | डा.श्री तुलबहादुर पुन | श्री खगेन्द्रप्रसाद निरौला |
| २५ | राष्ट्रिय व्यवसायिक अनुसन्धान कार्यक्रम | डा.श्री कृष्ण प्र.पौडेल/डा.गोविन्द प्रसाद तिमिल्सेना | श्री खगेन्द्रप्रसाद निरौला |
| २६ | क्षेत्रीय संग्रहालय | श्री चन्द्रप्रसाद अधिकारी | श्री अरविन्द कुमार चौधरी |
| २७ | डिभिजन सहकारी कार्यालय | श्री दिलशेर राई | श्री चिरन्जिवी पाण्डे |
| २८ | जिल्ला प्राविधिक कार्यालय | श्री प्रकाश चौधरी | श्री तेजप्रसाद अधिकारी |
| २९ | रेडियो नेपाल क्षेत्रीय प्रशारण | श्री प्रेम प्र. भट्टराई | श्री तिल विक्रम चेमजोङ |

977-1-4258172, 4255707

info@oag.gov.np

Kathmandu, Nepal

977-1-4268309, 4262798

13328

www.oagnep.gov.np